# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क ४३ पूर्णाङ्क ९२ | २०७५ वैशाख १७ गते सोमबार | Monday, April 30, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## सीमा अतिक्रमणको क्रान्तिकारी माओवादीद्वारा विरोध

काठमाडौं । कंचनपुरको दक्षिणी सीमा क्षेत्रमा भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमणको नेकपा (क्रान्तिकारी माओवादी) कंचनपुरले एक वक्तव्य निकालेर विरोध गरेको छ। जिल्ला सचिव विक्रान्तले बुधबार वक्तव्य जारी गर्दै भारतीय सीमा सुरक्षा वलका जवानहरूले नेपालीमा भूमिमा गाडिएको पोल जबर्जस्त उखालेर फालिदिएको घटनाको कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्नुभएको छ।

वक्तव्यमा भनिएको छ, दक्षिणी क्षेत्र पुनर्वास न.पा. ९ मा पर्ने बिचफाटामा भारतीय निकुञ्जबाट नियमित आउने गरेका हातीको बथानबाट बस्ती सुरक्षित र नियन्त्रण गर्नका लागि बिद्युत पोल बनाउने उदेश्यले ६ लाखको लागतमा बन्दै गरेको पोल गाड्ने कार्य शुरु भइरहेको स्थानमा बधुबार दिउँसो १२ बजे नेपाल प्रहरीको सामुन्नेमा बलपूर्वक ३९ औ घोला बेश क्याम्प बटालियन (एस एस बि)बाट ठुलो सङ्ख्यामा आएको भारतीय टिमले सिमा स्तम्भ १९४ नजिकैको नेपाली भूमिमा गाडन लागेको पोल भारतीय सिमा सुरक्षा बलले बलपूर्वक...बाँकी ८ पेजमा

# 'ओली सरकार प्रतिक्रियावादी वर्गको रक्षाकवच'



● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य' किरण'ले केपी ओली नेतृत्वको सरकार वाम तथा कम्युनिष्ट सरकार नभई देशी विदेशी प्रतिक्रियावादी वर्गको रक्षाकवच भएको विचार व्यक्त गर्नुभएको छ। पार्टी निकट युवा संगठनले १४ बैशाखमा आयोजना गरेको 'वृहत् जागरण तथा युवा मार्चपास'लाई सम्बोधन गर्दै महासचिव किरणले प्रधानमन्त्री केपी ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डप्रति लक्षित गर्दै 'सीमा मिचिदा मुकदर्शक बन्ने र सारा नदीनाला विदेशीलाई सुम्पनेहरू कदापि राष्ट्रवादी हुन सक्दैनन्' भन्नुभयो ।

आफ्नो सामर्थ्यभन्दा बाहिर गएर जे मनलाग्यो त्यही बोलेर प्रम ओलीले जनतालाई भ्रमित तुल्याएको भन्दै महासचिव किरणले भयो, 'आफ्नो सामर्थ्यभन्दा बाहिर गएर ओली जी जे मन लाग्यो त्यही बोलिरहनु भएको छ । बोल्ने ठाउँमा उहाँ बोल्दै बोल्नुहुन्न । भारतीय विस्तारवादबाट दिनदिनै सीमा अतिक्रमण भइरहेको छ, खोई त्यसमा ओली जी बोलेको ? असमान सन्धि सम्झौता खारेज गर्नुपर्छ भनेर खोई बोलेको ? आफूलाई राष्ट्रवादी भन्ने अनि सारा नदीनाला विदेशीलाई सुम्पने ? अनि विकास र समृद्धिको नारा...बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीको ५ नं. प्रदेशका जिल्लाहरूमा प्रशिक्षण सम्पन्न

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी)ले ५ नं. प्रदेशका सबै जिल्लाहरूमा वैचारिक राजनीतिक प्रशिक्षणहरू सम्पन्न गरेको छ । प्राप्त समाचार अनुसार १६ वैशाखमा पार्टी महासचिव मोहन वैद्य 'किरण'को प्रमुख आतिथ्यतामा नेपालगञ्जमा बाके र बर्दिया जिल्लाको संयुक्त प्रशिक्षण सम्पन्न भएको छ । उक्त प्रशिक्षणमा पार्टी पीबीएम केबी गुरुङ, केसहरू संकुल, शिशिर लगायतका नेताहरूको उपस्थिति रहेको थियो । त्यसै गरी १५ वैशाखमा दाङको सिसनियामा दाङ, प्युठान, रोल्पा र अर्घाखाँचीको संयुक्त प्रशिक्षण सम्पन्न भएको छ । पीबीएम गुरुङको प्रमुअ आतिथ्यतामा सम्पन्न प्रशिक्षणमा पार्टी केसहरू कमल, पहाड लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

त्यस्तै १३ वैशाखमा कपिलवस्तु, रूपन्देही र नवलपरासीको संयुक्त प्रशिक्षण बुटवलमा सम्पन्न भएको छ । उक्त प्रशिक्षणमा पार्टी पीबीएम प्रमोद, भीषण लगायतका नेताहरूले प्रशिक्षण दिनु भएको थियो । त्यसैगरी ११ वैशाखमा पार्टी पीबीएम भीषणको प्रमुख आतिथ्यतामा गुल्मी जिल्लाको प्रशिक्षण सम्पन्न भएको छ ।

प्रशिक्षणमा महासचिव 'किरण', पीबीएम भीषण, प्रमोद लगायतका नेताहरूले राष्ट्रिय स्वाधिनताको रक्षाका लागि संघर्ष गर्नुपर्नेमा जोड दिनुभएको छ । भारतले मिचेको भुमि फिर्ता गरि राष्ट्रिय स्वाधिनता बचाउनु अहिलेको आवश्यकता भएको उहाँहरूले बताउनु भएको छ ।

यसैबीच ६ नं. प्रदेशको...बाँकी ६ पेजमा

## देशव्यापी रूपमा मईदिवस मनाइने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघले देशव्यापी रूपमा मई दिवस मनाउने तयारी गरेको छ । प्राप्त समाचार अनुसार महासंघले मई दिवसको अवसरमा बैशाख १८ गते काठमाडौं सुन्धराबाट वृहत् ऱ्यालीसहित ललितपुरको कुपण्डोलस्थित बैकुण्ठ-चेत साँस्कृतिक भवनमा एक भव्य समारोहका उक्त दिवस मनाउने तयारी गरेको छ भने १ नं. प्रदेशको राजधानी मोरङको विराटनगर र सुनसरीको खनारमा ऱ्यालीसहित सभा गर्ने समाचार प्राप्त भएको छ । त्यसैगरी ४ नं. प्रदेशको राजधानी पोखरमा पनि महासंघले ऱ्यालीसहित सभा गर्ने तयारी गरेको छ । यता ५ नं. प्रदेशको बुटवलमा पनि ऱ्यालीसहित सभा गरिने समाचार प्राप्त भएको छ । त्यसैगरी ६ नं. प्रदेशको सुर्खेतमा महासंघले ऱ्यालीसहित सभाको आयोजना गरेको भने ७ नं. प्रदेशको कैलाली र कञ्चनपुरमा ऱ्यालीसहित सभा हुने जानकारी प्राप्त भएको छ ।

## क्रान्तिकारी युवा लिगको 'वृहत् जागरण तथा युवा मार्चपास'



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालले काठमाडौंमा 'युवा मार्चपास' सम्पन्न गरेको छ । लिगको ३ नं. प्रदेश कमिटीको आयोजनामा सम्पन्न गरिएको मार्चपासमा उपत्यका लगायत ३ नं. प्रदेशअन्तर्गतका जिल्लाहरूबाट ठूलो संख्यामा युवाहरू सहभागी भएका थिए। 'वृहत् जागरण तथा युवा मार्चपास' नाम दिइएको मार्चपासमा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष...बाँकी ८ पेजमा

फोटो फिचर पृष्ठ ६ मा

## 'सडक आन्दोलनको अधिकार कदापि खोस्न दिंदैनौं'

काठमाडौं । सुरक्षाको नाममा ओली नेतृत्वको सरकारले विरोध, धर्ना, जुलुस गर्न प्रतिबन्ध लगाएको प्रति कडा विरोध गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले 'हामीले रगत बगाएर ल्याएको गणतन्त्रमा सडक आन्दोलन गर्न हामीलाई नै प्रतिबन्ध लगाउने ?' भनेर ओली सरकारलाई प्रश्न गर्नुभएको छ ।

शुक्रबार काठमाडौंमा क्रान्तिकारी युवा लिगको ३ नं. प्रदेशले आयोजना गरेको युवामार्चपासलाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले 'सडक आन्दोलन हाम्रो अधिकार हो, यो फासिवादी सरकारको विरोध र भण्डाफोर गर्छौं' भन्नुभएको छ ।

उहाँले भन्नुभयो, 'खबरदार ! सडक जनताको हो, विरोध गर्न पाउनु जनताको अधिकार हो । हामी सडक संघर्ष गर्छौं र यो फासिवादी सरकारका हरेक कर्तुतको सडकबाट विरोध र भण्डाफोर गर्छौं । सडक आन्दोलन हाम्रो अधिकार हो । यो कदापि खोस्न दिंदैनौं ।'



दलाल, नोकरशाही पुँजीपतिवर्गको सरकारले युवाहरूलाई विदेशमा बेचेर उनीहरूकै पसिनाले देश चलाइरहेको भन्दै उहाँले अब युवाहरूलाई विदेशमा बेच्ने कम्पनीहरू खारेज गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो। 'सबै युवाहरूलाई...बाँकी ८ पेजमा

## मोदी सरकारले गाडचिरोलीमा मच्चायो नरसंहार

एजेन्सी । नरेन्द्र मोदी नेतृत्वको सरकारले भारतको महाराष्ट्र राज्यको गाडचिरोली जिल्लामा नक्सलीसँगको मुठभेडको नाममा स्थानीय आदिवासीको नरसंहार मच्चाएको छ । दोहोरो भिडन्तममा ४९ जना नक्सली मारिएको भनेर मोदी प्रशासनले प्रचार गरिरहेको गाडचिरोलीमा मारिने अधिकांश भोज खान जम्मा भएका स्थानीय आदिवासी जनता भएको तथ्यहरू बाहिरिएका छन् ।

जनमेलले प्रकाशित गरेको समाचार अनुसार २२ अप्रिल अर्थात् ९ बैशाखमा मच्चाइएको उक्त नरसंहारमा मारिनेमा अधिकांश आदिवासीहरू र माओवादी आन्दोलनसित प्रत्यक्ष रूपमा नगाँसिएका गाउँलेहरू रेहका छन् ।

भारतीय युवा पत्रकार तामेश्वर सिंहाले तयार पारेको रिपोर्ट (जसलाई डा. ऋषिराज बरालले जनमेल डटकमका लागि नेपाली अनुवाद गर्नुभएको हो) का अनुसार गाडचिरोली मुठभेडका बारेमा प्रश्न उठिरहेको समयमा पुलिसले जसलाई माओवादी भनेर मारिएका भनेर दावी गरेको थियो, तिनीहरूमध्ये धेरजसो निहत्था र निर्दोष ग्रामिणहरू थिए र उनीहरू कंससुर गाउँबाट बिहाभोजमा आएका थिए। उनीहरूलाई सुरक्षा बलले नक्सलीको शङ्काकै भरमा गोलीले भुटेका थिए ।

प्राप्त जानकारीअनुसार बोरिया तथा कंससुर जंगलमा इन्द्रावती नदी किनारमा भएको भनिएको कथित मुठभेडको स्थान नजिकको गट्टेपल्ली गाउँका आठ जना युवायुवतीहरू अहिलेसम्म पनि गाउँमा फर्केका छैनन् । तिनमा ५ जना केटी र ३ जना केटा छन् । गाउँलेहरू भन्छन्, 'उनीहरू नजिकैको गाउँ कंसपुरमा बिहाभोज खान गएका थिए ।' नजिकै गोलीवारी भएको र उनीहरू गाउँ नफर्केकाले गाउँलेहरू उनीहरूको खोजीमा लागे । परिवारका सदस्य घर नआएपछि गाउँलेको एउटा समूह ती केटाकेटीहरूको सोधखोज गर्न नजिकैको थाना पुग्यो । त्यसरी गएका गाउँलेलाई पनि पुलिसले समातेर उल्टै प्रहरी प्रमुख कार्यालयमा पठाए ।

पुलिसले गाउँले तथा उनीहरूका परिवारलाई ओरिजनल आधारकार्ड अथवा पासपोर्ट साइजको फोटो ल्याउनका लागि...बाँकी ६ पेजमा

# नेपाली क्रान्तिका समस्या र युवाहरूको दायित्व

**१– समस्याको पहिचान**

हामीले नेपाललाई अर्ध सामन्ती, अर्ध औपनिवेशिक तथा नव औपनिवेशिक अवस्थाबाट मुक्त गर्न र नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी समाजवादतर्फ अगाडि बढ्नका लागि धेरै परिश्रम गर्दै आएका छौं । विभिन्न जनआन्दोलन, जनसंघर्ष र दशवर्षे महान जनयुद्ध पनि सञ्चालित भए । परन्तु क्रान्तिले गम्भीर धक्का खायो । अहिले पनि प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्था कायमै छन् । राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्याहरूको अझै समाधान हुन सकेको छैन । यी सिङ्गो देश र जनताका समु लामो समयदेखि जटिल र गम्भीर बन्दै आएका समस्या हुन् ।

परन्तु, उक्त समस्याहरूको समाधान गर्नका लागि नेपाली कम्युनिष्ट आन्दोलनका सामु उपस्थित आजका मूल समस्या के हुन त ? हामीले आफ्नो ध्यान आन्दोलनभित्रको समस्याको पहिचानतर्फ केन्द्रित गर्न

**दलाल पुँजीपतिवर्ग त्यो हो जसले वैदेशिक प्रतिक्रियावादी वर्गको हित र स्वार्थका निम्ति देश र जनताका हितहरूको बलि चढाउँछ । त्यति मात्र होइन, ऊ आफ्ना विदेशी मालिकहरूलाई रिझाउन आफै बली दिन पनि तयार हुन्छ ।**



● किरण ●

जरुरी छ । आज हाम्रो आन्दोलनभित्र विद्यमान समस्या मूलतः तीन प्रकारका छन् । ती हुन्– वर्ग दुश्मनलाई बुझ्ने समस्या, दक्षिणपन्थी संशोधनवादलाई बुझ्ने समस्या र स्वयम् आफैलाई बुझ्ने समस्या । हामीले यी समस्याहरूलाई ठीकसित बुझ्ने र तिनको समाधान गर्दै अगाडि बढ्नु पर्दछ । यहीं नै अहिले युवाहरूको मूल दायित्व हो ।

नेपाली क्रान्तिकारी युवाहरूले देश र जनतालाई उत्पीडनबाट मुक्त गर्नका लागि धेरै रगत र पसिना बगाउँदै आएका छन् । तर अब यत्तिले मात्र पुग्ने स्थिति छैन । आज नेपाली क्रन्तिकारी युवाहरूले धक्का खाँदै आएको नेपाली क्रान्तिलाई विजयी बनाउनका लागि विचारधारात्मक राजनितिक, संगठानिक तथा प्राविधिक तयारी गर्नु, वर्ग दुश्मन तथा अवसरवादीहरूलाई ठीकसित ठम्याउँदै प्रहारको निशाना सोझ्याउन र देश तथा जनताको उज्वल भविष्य निर्माण गर्ने तालाचाबी आफ्नो हातमा लिनका लागि विशेष चिन्तन एवम् पहल गर्न अनिवार्य बन्न गएको छ ।

**२– वर्गदुश्मनलाई बुझ्ने समस्या :**

वर्तमान नेपाली समाजमा वर्ग दुश्मन दुई प्रकारका छन् - आन्तरिक र बाह्य । आन्तकि वर्ग दुश्मन भित्र दलाल पुँजीपति वर्ग, नोकरशाही पुँजीपतिवर्ग र सामन्तवर्ग पर्दछन् । दलाल पुँजीपतिवर्ग त्यो हो जसले वैदेशिक प्रतिक्रियावादी वर्गको हित र स्वार्थका निम्ति देश र जनताका हितहरूको बलि चढाउँछ । त्यति मात्र होइन, ऊ आफ्ना विदेशी मालिकहरूलाई रिझाउन आफै बली दिन पनि तयार हुन्छ । नोकरशाही पुँजीपति वर्ग त्यो हो, जसले पुरानो राज्यसत्तामा कब्जा जमाइ राखेर देश र जनताको विरोधमा आफ्नो सामन्तवादी र वैदेशिक प्रतिक्रियावाद सबैको स्वार्थमा काम...बाँकी ७ पेजमा

## सम्पादकीय

# ‘युवा मार्चपास’को प्रभाव र सन्देश

नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालले १४ बैशाख २०७५ मा वृहत् जागरण तथा युवा मार्चपासको आयोजना गर्‍यो । लिगको ३ नं. प्रदेशको आयोजनामा गरिएको यो मार्चपासले क्रान्तिकारी माओवादीको आन्तरिक पार्टी जीवन र राजनीतिक जीवनमा सकारात्मक प्रभाव पार्दै महत्वपूर्ण सन्देश प्रवाह गरेको छ ।

यो मार्चपासले क्रान्तिकारी माओवादीको आन्तरिक पार्टी जीवनमा रक्तसञ्चार गरेको छ र पार्टी, संयुक्त मोर्चा र जबस, मोर्चाका नेता कार्यकर्ताहरूमा एउटा उत्साह पैदा गरेको छ भने राजनीतिक हिसाबले पनि क्रान्तिकारी माओवादी साँच्चै नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको छ भन्ने सन्देश प्रवाह गरेको छ । क्रान्तिकारी युवाहरूको यो मार्चपासलाई कर्पोरेट मिडियाहरूले ‘ब्ल्याक आउट’ गरेपनि चल्तीका अनलाइन मिडियाहरूले राम्रै स्थान दिए । टेलिभिजन लाइभदेखि फेसबुक लाइभसम्म र सामाजिक सञ्जालमा भाइरल बनेका क्रान्तिकारी युवाहरूको मार्चपासमार्फत् क्रान्तिकारी माओवादी चुप लागेर बसेको छैन, यो शक्तिले नेपालमा नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको छ भन्ने सन्देश देशविदेशमा सञ्चार गराउन सफल भएको छ । यो मार्चमाससँगै क्रान्तिकारी माओवादीप्रति मित्र र दुश्मनवर्गमा सोधीखोजी र चासो बढेर गएको छ ।


पाँच महिने संगठन विस्तार तथा सुदृढीकरण अभियानमा रहेको क्रान्तिकारी माओवादीले अहिले देशव्यापी रूपमा आफ्नो पंक्तिलाई विस्तार र सुदृढ तुल्याउँदै लगेको छ । विचार, राजनीति, संगठन र संघर्षका हिसाबले मालेमावादी सिद्धान्तमा आधारित रहेर नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको यो पार्टीले संगठनलाई जुझारु बनाउँदै लगेको छ । क्रान्तिकारी माआवादीले देशैभर युवाहरूको वैचारिक, राजनीतिक सँगै शारीरिक प्रशिक्षण चलाइरहेको छ । ३ नं. प्रदेशले काठमाडौंमा गरेजस्तै युवा मार्चपास ७ वटै प्रदेशका राजधानीहरूमा गर्ने तयारी पनि गरिरहेको छ ।

पछिल्लो समय युवा, विध्यार्थी र मजदुर संगठनहरूका गतिविधिहरू तीव्र रूपमा बढिरहेका छन् भने पार्टी समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चाले पनि देशव्यापी संगठनको सञ्जाल विछ्याइरहेको छ । संगठन र संघर्षलाई द्वन्द्वात्मक रूपमा लिएर जानुपर्ने विचार राख्दै आएको क्रान्तिकारी माओवादीले पछिल्लो समयमा पुरानो राज्यव्यवस्थाका निकायहरूमा राष्ट्रियता, जनतन्त्र र जनजीवीकासँग सम्बन्धित मागहरू समेटेर बुझाउने र संघर्षहरूलाई संगठित गर्ने तयारी गरिरहेको छ । पछिल्लो मार्चपाससम्म आइपुग्दा बाहिर देखिने गरी क्रान्तिकारी माओवादीले उपस्थिति मात्रै बढाएको छैन, क्रान्तिकारी धाराको नेतृत्वदायी पार्टी पनि नेकपा (क्रान्तिकारी माओवादी) नै हो भन्ने कुरा स्थापित गरेको छ ।

प्रतिक्रियावादी र अवसरवादी वर्गले क्रान्तिकारी शक्तिका विरुद्ध छरेको भ्रम विस्तारै चिरिँदै गएको छ । वाम र कम्युनिष्ट नामधारी ओली नेतृत्वको सरकारले राष्ट्रघाती सन्धिसम्झौतालाई कार्यान्वयन गर्नेदेखि राज्यको ढिकुटीसम्म ब्रम्हलुट मच्चाउने गरी गरेको गतिविधिबाट जनतामा एमाले-माके र यो सरकारप्रति हेर्ने जनताको दृष्टिकोणमा ठूलो बदलाव आइसकेको छ । क्रान्तिकारी माओवादीका महासचिव किरणले भनेजस्तै ओली नेतृत्वको सरकार सामन्त, दलाल तथा नोकरशाही पुँजीपति वर्गको रक्षाकवच भएको पुष्टि हुँदै गएको छ । जनता जति चाँडो यो सरकार र पार्टीहरूप्रतिको भ्रमबाट मुक्त हुँदै जान्छन्, त्यति नै नयाँ जनवादी क्रान्ति सन्निकट बन्दै जानेछ । क्रान्तिकारी माओवादी जनतामा रहेको त्यही भ्रम चिर्ने अभियानमा लागेको छ । विचार, राजनीति, संगठन र संघर्षमा आफूलाई श्रेष्ठ सावित गरेर नै क्रान्तिकारी माओवादीले यो कार्यभार पूरा गर्न सक्नेछ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# यूरोपियन यूनियनको निर्वाचन पर्यवेक्षण मिसन र नेपाल सरकारको नकारात्मक सोच


● सीताराम तामाङ ●

१) यूरोपियन यूनियनको निर्वाचन पर्यवेक्षण मिशन(ईयूईओएम) सँग निर्वाचन आयोगले २४ अक्टोवर २०१७ मा निर्वाचन सुपरीवेक्षणका लागि अनुबन्द गरेको थियो । सोहीअनुबन्द अनुसार ई.यु मिसनले २० मार्च २०१८ मा नेपालमा गरिएका स्थानीय प्रदेश, संसद, उपराष्ट्रपति र राष्ट्रपतिको निर्वाचनबारे १२ बुँदे सुझावप्रतिबेदन सार्वजनिक गरेको थियो । उक्त सुझावमा निर्वाचनआयोग पारदर्शी नभएको, निर्वाचनबारे जनचेतना जगाउने काम अपूर्ण भएको, निर्वाचनमा बदर भोटको हिसाब सार्वजानिक नगरेको, निर्वाचनमा समानुपातिकतर्फको परिणाम सामुदायिक हिसाबले प्रस्तुत नगरेको, निर्वाचनमा खस–आर्य समुदायलाई आरक्षणभित्र ९त्तगयतब कथकतथझ० पार्नु उत्पीडनमा परेका लिङ्ग र सामाजिक समुदायलाई समावेशी बनाउन सकरात्मक विभेद मार्फत समानताको प्रवधर्न गर्ने अन्तराष्ट्रिय मापदण्डको विपरीत भएको, ..... आदि, इत्यादि बुंदाहरू छन् । तर ओली सरकारको आंखा खस–आर्यलाई ‘आरक्षण’भन्दा अन्यत्र परेको देखिएन । प्रधानमन्त्री ओली आफैले समेत कोकोहोलो मच्चाएका छन् कि‘खस–आर्य’लाई आरक्षणको विरोध गर्नु नेपालको संविधानलाई हांकदिनु हो, नेपालको सार्वभौममाथि हांकदिनु हो, त्यो फिर्ता गर । तर ई.यू .ले पुनः भनेको छ ‘हामीले दिएका सुझावहरू नेपाली राजनीतिज्ञ, अधिकृत र सम्बधित विज्ञहरूको गोलमेच बैठकमा (२८ डिसेम्वर २०१७) व्यापक छलफल र सल्लाहरूबाट तयार गरिएकोहो, फिर्ता हुदैन ।’ ई.यू निर्वाचन पर्यवेक्षण मिसनले निर्वाचन आयोगलाई निकै बुँदामा आरोपितगर्दा संविधानमाथि हस्तक्षेप र सार्वभौमिकतामाथि धावा भएन तर खस–आर्यको आरक्षण हटाउनु पर्ने सुझाव दिदा सांविधानमाथि र सार्वभौमिकतामाथि धावा भएको छ ।

२) पश्चगामी नेपालको संविधान (२०७२) अन्तर्गत निर्वाचनआयोगले गरेको संघीय संसदको प्रतिनिधिसभा र समानुपतिक प्रतिनिधि, राष्ट्रियसभाको, सातप्रदेशको प्रतिनिधिसभा र समानुपातिक प्रतिनिधिमा एमाले, ने.का. र मा.के.ले प्राप्त गरेको समुदायगत (जातिगत) मत हेर्दा समावेशिता नारामा मात्रै सीमित देखिन्छ । भान्छे बाजेहरूको डाडु पन्यौं आफ्नै शाखा-सन्तान पट्टी खनाइएको छ । तल हेरौं निर्वाचन आयोगको निर्वाचन परिणाम २०७४ को एक झलक :

क) संघीय प्रतिनिधिसभामा एमाले, मा.के. र ने का.ले पाएको मत : १६५

संघीय प्रतिनिधिसभामा एमाले मा.के र ने.का ले पाएको खस-आर्य प्रतिनिधि : ८६

संघीयप्रतिनिधिसभामा एमाले, मा.के र ने.का ले पाएको खस-आर्य जातीय प्रतिशत : ५२.१३

ख) सातप्रदेशमा एमाले, ने.का र मा.के.को समानुपातिक प्रतिनिधि : १८२

सातप्रदेशमा एमाले, ने.का र मा.के.को खस-आर्य जातीय प्रतिनिधि : ७२

सातप्रदेशमा एमाले ने.का र मा.के.को प्रतिशत : ४०.०

ग) राष्ट्रियसभामा एमाले, ने.का र मा.के.को निर्वाचित र मनोनित सदस्य : ५९

राष्ट्रियसभामा एमाले, ने.का र मा.के.को खस प्रतिनिधि : ३८

राष्ट्रियसभामा एमाले, ने.का र मा.के. को खस-आर्य प्रतिशत : ६४.४१

घ) केन्द्र र प्रदेश सरकारमा समुदायगत प्रतिनिधि जम्मा : ६८

केन्द्र र प्रदेश सरकारमा समुदायगत खस-आर्य जम्मा : ३७ (प्रतिशत : ५४.४१%)

ङ) केन्द्र/प्रदेश सरकारमा लैङ्गिक प्रतिनिधित्व

„ „ „ „ पुरुष : ६०

„ „ „ „ खस-पुरुष : ३७ (६२.० प्रतिशत)

केन्द्र/प्रदेश सरकारमा लैङ्गिक प्रतिनिधित्व (महिला) ८

„ „ (महिला खस) ६ (७५.० प्रशत)

च) निर्वाचन आयोगले संघीय संसदमा समानुपातिकतर्फ जातीय प्रतिनिभित्वको परिणाम प्रकाशित गरेको छैन ।

३) २०६८ को जनगणना अनुसार नेपालको खस-आर्य जातिको संख्या २८%, आदिवासीजनजातिको संख्या ३८%, मधेसी १७%, दलित १३%, धार्मिक अल्पसंख्या ४% रहेको रहेको छ । तर खस-आर्य जातिको प्रतिनिधित्व २०७४ को आमनिर्वाचनमा (मा.के. एमाले र ने.का.) क्रमस ५२.०, ६४.५, ४०.० र ५४.४ % देखिन्छ । २७० वर्षदेखि सत्तामाबसीआएको खस जातिको २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन पछि पनि वर्चश्वकायमै छ । संसारको कुनै पनि मुलुकमा सत्ताधारी जाति र त्यो जातिको धर्म र संस्कृतिलाई आरक्षण गरि दैंन । साम्यवादीले त के संयुक्त राष्ट्र संघले पनि त्यस प्रकारको नीतिलाई मान्याता दिएको छैन । आरक्षण भनेको विभेदमा परेका जातीय, भाषिक, धार्मिक वाअन्यप्रकारका समुदायलाई दिइन्छ । रुसमा रुसी र चीनमा हान जातिलाई आरक्षण दिईएको छैन । भारतमा पनि हिन्दु धर्मलाई होइन अन्य धर्मका विद्यार्थीलाई आरक्षण दिइएको छ, आदिवासी र दलितलाई आरक्षण दिइएको छ । तर पहिलोपल्ट ओली महोदय प्रधानमत्रीहुँदा उनले यू.एन.ओ. र ई.यू.लाई पत्र लेखेर जनजाति र दलित संस्थाहरूलाई सहयोग गर्नबाट रोकेका थिए । ओलीकै पालामा नेपाल जनजाति प्रतिष्ठानलाई खारेज गरिएको थियो । अर्को तिर भने नेपालको संविधानले (२०७२) नै खस-आर्य जातिलाई आरक्षण (त्तगयतब क्थकतझ) दिएको छ जुन सरकारात्मकविभेदको अन्तराष्ट्रिय सन्धि, अनुवन्ध, सझौताहरूको विरुद्ध छ । ई.यू. मिसनले यसै सिद्धान्तको आधारलाई पक्रेर उक्त सुझाव दिएको देखिन्छ । नेपालमा आदिवासी जनजाति, मधेसी र दलित समुदायले खस-आर्य आरक्षणको विरुद्ध संघर्ष गर्दै आएको सर्वविदितै छ । तसर्थ युरोयियन युनियनको निर्वाचन पर्यवेक्षण मिसनको सुझावलाई सरकारले सकरात्मक रूपमालिनु पर्ने र थप अन्य जातिलाई (थकाली, नेवार, कायस्थ, राजपुत, तराई-बाहुन, आदि) पनि आरक्षण हटाउन पहल गर्नु पर्नेमा उल्टै मिसनको सुझावलाई लिएर परराष्ट्र मंत्रालयले जारी गरेको विज्ञप्ति र प्रधानमन्त्री आफैले मच्चाएको कोकोहोलो दुरासययुक्त छ । आफ्नो पक्षमा बोल्दा स्वागत गर्ने, ताली बजाउने तर विभेदमा परेका समुदायका पक्षमाबोल्दा हस्तक्षेप देख्ने सोच बाहुनवादी छ ।

४) नेपालमा लिच्छवि राजा बृषभदेवदेखि सामन्ती शासनले वंशानुगत राजतंत्रको रूप लिएको हो । लिच्छवि पछि मल्लशासनपनि पूर्णतः सामन्ती थियो । पृथ्वीनारायणको राज्यविस्तारबाट पहिलेदेखि चल्दै आएको सामन्ती शोषणमाथि एउटा अर्को शोषण थपियो-त्यो हो जातीय दमन । पञ्चायत र राजासहितको संसदीय व्यवस्थामा पनि वर्गीयसँगै जातीय दमन थियो । बल्ल आएर २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनको रापतापमा बनेको अन्तरीम संविधानले (२०६३) विभेदमा परेको मधेसी, आदिवासीजनजाति, पिछडिएका र अन्य क्षेत्रका जनतालाई स्वायत्तता र समानुपातिक समावेशिता दिन पर्ने उल्लेख गरेको थियो । तर ने.का., एमाले र मा.के. को ९५ % को बहुमतले बनाएको संविधानले (२०७२) उच्च जातका खस-आर्यलाई नै आरक्षणको प्राथमिकतामा राखेको छ । नेपालको पहाडमा रहेका दलितहरू खस-आर्यमूलकै छन् । तर यो संविधानले तिनलाई विभेद गरेको छ,खस-आर्यमा राखेको छैन । निच जातमा राखेकोछ । तसर्थ यो संविभान विभेदकारीछ, मनुवादी छ ।

अन्तरिम संविधानमा समानुपातिक प्रतिनिधित्व ६०% थियो भने नयाँ संविधानमा ४०% मा झारेको छ । खड्ग प्रशाद शर्मा ओलीलाई त जनजातिसँग यति रिस उठेको थियो कि उनी...बाँकी ३ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# सुन ओसार्ने किरा

अचेल नेपाल मण्डलमा सुन ओसार्ने किराहरू छ्याप्छ्याप्ती पाइन्छन् । किराहरू पनि चानचुने होइनन्, झुसिलकिरा पो हुन् त । कसैलाई चिल्यो भने ज्यान बचाउनै मुस्किल पर्छ । यी झुसिलकिराहरू पनि दर्जाअनुसारका हुन्छन् । कसैले डण्डा हल्लाउँछन् त कसैले झण्डा हल्लाउँछन् । डण्डा हल्लाउनेले सुन तोलामा ओसार्छन्, झण्डा हल्लाउनेले सुन झोलामा ओसार्छन् । भरखरै मात्र डण्डा हल्लाउने र झण्डा हल्लाउने मिलेर एक डोको सुन आकाशबाट ल्याएर पाताल ओसारेको घटनाले यो मण्डलै रङ्गिएको छ । ओसार्दा ओसार्दै पातालै धसाएपछि त्यसले किराहरूको बथानमा खैलाबैला मच्चियो । त्यसपछि त्यसको गन्ध सँघ्दै पाताल धसाउनेलाई च्याखच्याख पार्दा र केरकार गर्दा उसको ज्यानै पाताल धसियो । विचरो किराहरूको साथमा लागेको फट्याङ्ग्रो फट्किन नपाई दच्कियो ।

यी डण्डा हल्लाउने र झण्डा हल्लाउने किराहरूले सुन पनि आकासमा उडाएर ल्याउँछन् र जमीनमा गुडाउँदै डुलाउँछन् । डुलाउँदै लैजाँदा कहिलेकाहीँ किराहरूका बीचमा भागबण्डा मिल्दैन । भागबण्डा नमिल्दा किराहरूको झगडा पर्छ । किराहरूको झगडाले लफडा निम्त्याउँछ । त्यसपछि उनीहरू पर्छन् भँगेराटाउके अक्षर कुँद्नेहरूका फन्दामा । अक्षर कुँद्नेले कीराहरूको नालीबेली सहित छाला काडेर नाङ्गै पारिदिन्छ । अहिले नेपाल मण्डलमा त्यही भएको छ । अर्थात् किराको विगविगीका खबर भँगेराटाउके अक्षर कुँद्नेहरूले पत्रपत्रिका, अनलाइन, फेसबुकका वालहरू रङ्गाएका छन् ।

गजबको कुरा त के छ भने सुन ओसार्ने किराहरूको खेति नै हुन्छ नेपाल मण्डलमा । भागबण्डा नमिलेर लफाडा परेपछि सानातिना किरा समातिन्छन् र ठाउँका ठाउँ तिनलाई नाङ्गेझार पारेर चुटिन्छ । तर पनि किरा खेति गर्ने मालिकहरूको अत्तोपत्तो नै हुँदैन । मालिकहरू भूमिगत हुन्छन् । यो किरा खेति गर्ने भूमिगत मालिकहरू पञ्चप्रेतहरूको पालादेखि नै थियो । उतिबेला किराहरू पनि भूमिगत रूपमै उम्रिन्थे र भूमिगत रूपमै सुन ओसार्ने काम गर्थे । त्यही भएर उतिबेला अक्षर कुँद्नेहरूले त्यति मेसोभाँती पाउन्नथे । फेरि उतिबेला अक्षर कुँद्ने कुँदाराहरू पनि अहिले जति सस्ता थिएनन् । अहिले त टोलटालमा छ्यापछ्याप्ती कुँदाराहरू भेटिन्छन् । त्यसैले पनि किराहरू लुकिछिपि हिँड्नै सक्तैनन् । कहीं न कहीं अक्षेरेका फेला पर्छन् र तिनको खाल उतारेर नाङ्गै पारिन्छन् ।

सुन ओसार्ने खेलको पर्दा खुलेर उदाङ्गो भएपछि अहिले किरा हुर्किएको गोलोमा निकै नै खैलाबैला मच्चिएको छ । गोलोको रानु किरा एउटा कार्यक्रममा जिल्लातिर सवारी भएका बखत उनलाई अक्षर कुँद्ने कुँदाराहरूको झुण्डले च्याखच्याख्ती पारे । त्यसपछि उनले यस्ता सुन ओसार्ने किराहरूलाई ध्वाँरैरै भएपनि निर्मुल पार्ने ध्वाँस देखाए । केही किराहरू त जालमा फसिसकेको र अरूको पनि खोजीकार्य भइरहेको बताएर अक्षरका कुँदाराहरूलाई थामथुम पारे । विचरा रानु किरालाई जवाफ दिनै हैरानी र सास्ती खेप्नु परेको छ । सुन ओसार्ने अर्कैले जवाफ दिनु पर्ने यिनले । कति समस्या ।

यी किराहरूले पनि हैरानै पार्छन् बा... । कहिले सुन ओसार्छन् कहिले चुन ओसार्छन् । कहिले चेली ओसार्छन् त कहिले दाउराका गेली ओसार्छन् । कहिले डन लुकाउँछन् त कहिले धन लुकाउँछन् । कहिले आफ्नै गुँड भित्रका पोथी किराहरूको हुर्मत लिएर तिनका छाला लुस्छन् । कहिले गाउँतिर पसेर निहत्था चेली डस्दै र डाम्दै हिँड्छन् ।


यस्ता किराहरूको बथान देशैभरी फैलिएको छ । दशैं, तिहार जस्ता चाडपर्वहरूमा पनि डण्डा हल्लाउने किराहरूले देशैभरीका सहर, बजार र राजमार्गहरूमा ढडिया थापेर महादेवका तीन नेत्र बल्ने जिनिस बटुल्छन् । उक्त जिनिसको थुप्रो बाँड्दै बाँड्दै झण्डा हल्लाउने किरासम्म पुऱ्याउँछन् । बगरमा गिट्टी कुट्नेदेखि ढुङ्गाबालुवा ओसार्ने ठेकेदारबाट तिनका मयल सोहर्छन् । केहीले खासाबाट आउने जिनिसलाई नाकामा बसेर कुत्रुकुत्रु काट्छन्, चपाउँछन् र खान्छन् । केहीले मधेशमा बसेर दखिखनबाट आउने कुम्ला कुटुरा छिराएर कनिका टिप्छन् । यस्तो छ सुन ओसार्ने किराहरूको कमाल । सुनदेखि नुनसम्म, गुट्खेस (गुट्खा + केस) देखि सुट्केससम्म सबै ओसार्छन् । केही बाँकी राख्दैनन् ।

यी किराहरूले देशभित्र मात्रै यस्तो विठ्याइँ गर्दैनन् । यिनले त विदेशमा पनि अनेकथरी कमाल गरेर धमाल मच्चाउँछन् । कहिले सुडान खान्छन् कहिले उडान खान्छन् । यसरी बेलाबखत किराहरूले उखरमाउलो नै मच्चाएका छन् । पञ्चप्रेतका पालादेखि लागेको बानी कहिल्यै नजानी भएको छ । यी किराहरू एक, दुई, चार, आठ, दश मात्रै हैन सलहझैं फैलिएर मण्डलैभरी आफ्नो सञ्जाल विस्तार गरेका छन् । किराहरू थरिथरिका छन् । सुन खाने किरा, नुन खाने किरा । बालुवा खाने किरा, दाउरा खाने किरा । गुट्खा खाने किरा, भोड्का खाने किरा । थाङ्ना चपाउने किरा, आफ्नै गुँडका पोथी पचाउने किरा । यस्ता नानाथरीका किरा सिध्याउने उद्घोष गरेका रानु किराले झन् आफ्नै गुँडका किराहरूको रासन हसुर्दै थाङ्नाथरा र खरखजानमा आँखा गाड्दै चलाउँछन्, हुकुमी शासन । उपियाँभरी फट्किए जुम्राको कच्चघान भनेको यही हो ।

*१४ वैशाख २०७५*

kailubraha73@gmail.com

# जुझारू क्रान्तिकारी मजदुर आन्दोलनको विकास गरौं !



● दिनेश शर्मा ●

समाजमा रहेका प्राणीहरूमध्ये मानिस एउटा छुट्टै चेतनशील प्राणी हो । मानिसले आफ्नो विगत, वर्तमान र भविष्यका बारेमा सोचेर योजना निर्माण गर्न सक्दछ । त्यसैले पशुभन्दा पृथक ढंगबाट आफूलाई उभ्याईरहेको छ । तर समाजमा मानिसले समाज परिचालन्का क्रममा दुई प्रकारका सोचाईहरूको निर्माण गर्न थाले । एउटा सकरात्मक त अर्को नकरात्मक । न्यून ज्ञान र चेतना भएतापनि सकरात्मक सौँच राख्नेहरूले समाजका सबै मानिसहरूप्रति सामूहिक र समान माया, ममता, हार्दिकता, एकआपसमा एकता जस्ता सामाजिक सद्भावात्मक विचारको विकास गर्न कोसिस गरे भने नकरात्मक सौँच राख्नेहरूले समाजका सोझा, सिधा, इमानदार र कमजोर व्यक्तिहरूलाई आफ्नो दैनिक आवश्यकता पूर्ति गर्नका खातिर दैनिक श्रममा लगाएर दैनिक आवश्यकता पूर्ति गर्ने, व्यक्तिगत लाभ उठाउने, निश्चित लाभका खातिर समाजलाई प्रयोग गर्ने जस्ता अत्यन्तै तुच्छ व्यक्तिवादी शोषकीय चिन्तनको विकास गर्दै लगे । एउटा पक्षले समाजको सामूहिक हित चाहन्थ्यो भने अर्को पक्षले समाजका बहुसंख्यक जनतालाई आफ्नो नियन्त्रणभित्र राखेर निश्चित परिवार र व्यक्तिको इच्छा पूर्ति गर्न चाहन्थ्यो । मानिसमा विकास भएको सामाजिक र गैरसामाजिक चिन्तनका कारण समाज दुई भागमा विभाजित हुन पुग्यो । जसलाई भनिन्छ शोषक र शोषित ।

शोषकवर्गको प्रतिनिधित्व गर्ने एउटा सानो हिस्साले सबैभन्दा पहिले राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जस्ता महत्वपूर्ण विषयवस्तुलाई आफ्नो हातमा लिन सफल भयो । दुईवटा वर्गका विचमा पैदा भएको वर्गीय अन्तर्विरोध क्रमिक रूपमा चर्कँदै जाने क्रममा शोषकवर्गले आफ्नो वर्गको वर्गीय हितका खातिर शोषित वर्गलाई दमन गरिराख्न नियम, कानुन, जेल, पूलिस, सेना र हतियारको विकास गर्‍यो । शोषकवर्गको आदेश पालना नगर्नेलाई नियम र कानुन अगाडि सारेर हतियार र सेनाको बलमा गिरफ्तार गर्ने, जेलमा राखेर चरम् यातना दिने, हत्या गर्नेसम्मका अत्यन्तै अमानवीय कार्यहरू गर्न थाल्यो । साशकवर्गहरूले श्रमीकवर्गमाथि निरन्तर रूपमा यही विधि प्रयोग गर्दै आईरहेका छन् । विगतदेखि वर्तमानसम्म विश्वका लाखौं, करोडौं, अरबौंमात्र होइन खरबौं उत्पीडित जनतामाथि निश्चित मुठ्ठिभर शासकहरूले चर्को उत्पीडन र दमन थोपर्दै आएका छन् ।

अचेत प्राणिबाट सचेत प्राणिका रूपमा विकसित हुँदै गरेको मानवसमाजको प्रारम्भिक चरणमा मानिसहरूमा वैज्ञानिक चेतनाको अभाव रहेकै थियो तर पनि शोषकवर्गले आफूमाथि गर्दै आएको दमन, उत्पीडन र शोषणका विरुद्ध कुनै न कुनै तवरबाट संघर्ष गर्दै आएका थिए । उच्च चेतना र वैज्ञानिक विचारका अभावमा आन्दोलनले उचित बाटो अवलम्बन गर्न स्वयंम्मा असमर्थ थिएतापनि समाजमा देखिएको अन्तर्विरोधको हलका खातिर व्यक्तिगत जीवनको कुनै प्रवाह नगरी उच्च साहस र वलिदानका साथ संघर्ष गर्दै आईरहेका छन् । त्याग, वीरता, बलिदानका कृतिमान खडा गर्दै दास-दासीहरूले गरेका भिषण लडाईले दासमालिकहरूको सत्ता तासको महलझैं ढल्न पुगे । वैज्ञानिक विचार, योजना, कार्यक्रमको अभावमा भएका युद्धहरूले शोषकवर्गको स्वर्गलाई तहस-नहस त वनायो तर शोषितवर्गलाई सत्ताको मालिक बनाउन सकेन । दासमालिकहरूको सत्ता सामन्ती राजाहरूको हातमा, दासमालिकहरूको ठाउँमा सामन्तहरू र दासदासीहरूको ठाउँमा किसानले स्थान लिन पुग्यो । सामन्ती राजाहरूले आफूलाई स्वघोषित कथित इश्वरका दुत बनाएर राज्यसत्ताको मालिक मात्र होईन ऐन, नियम र कानुनभन्दा आफूलाई माथी राख्न पुगे । सेना, कर्मचारी तन्त्र, सरकार सामन्ती राजतन्त्रका हतियार वन्न पुगे । सत्ताको सम्पूर्ण शक्ति प्रयोग गरेर धर्मको व्यापक प्रचार गरेर समाजमा व्यापक शोषण, दमन र उत्पीडनलाई छोप्ने कसरतको थालनी गरियो । शासकहरूले जस्तो सुकै ठूला अपराध गरेको भएतापनि धर्मका नाममा छुट दिने प्रकृयाको उदय भयो । राजाहरू इश्वरका दुत भएका कारण उनीहरूले न त कहिल्यै गल्ती गर्छन् न त उनीहरूका बारेमा कसैले प्रश्न गर्न नै मिल्छ । यदि कसैले प्रश्न गरेमा त्यसलाई ठूलो अपराधीको संज्ञा दिएर कडा सजायको भागीदार वनाउने कडा भन्दा कडा कानुनका ठेली निर्माण गरिए ।

हजारौं वर्ष पूरानो दाशयुगबाट मुक्तिका खातिर ठूला-ठूला त्याग, विरता र वलिदानका कृतिमान खडा गरेर दासमालिक तथा उनीहरूको सत्ताका विरुद्ध लडेका उत्पीडित वर्ग पुनः सामन्ती युगमा सारमा एउटै भिन्न रूपबाट शोषित, दमित र उत्पीडित बन्न पुगे । सामन्तवर्ग र सामन्ती सत्ताको उत्पीडनका विरुद्ध किसानहरूले आफ्नो वर्गहितका खातिर संघर्षलाई जारि राखे । किसान आन्दोलनले किसानवर्गलाई मात्र होईन पछिल्लो चरणमा राष्ट्रिय पूँजीपतिवर्गलाई समेत आफूतिर आकर्षित गर्न सफल रह्यो । किसानवर्गको निशाना सामन्तहरू मात्र होईन इश्वरका नाममा सम्पूर्ण अधिकार आफ्नो हातमा केन्द्रित गरेर बसेको सामन्तको नायक राजतन्त्र पनि बन्न पुग्यो । खास गरि यूरोप, अमेरिका लगायतका देशहरूमा क्रान्तिका लहर पैदा भए । राजाहरूलाई देशनिकाला गरियो । कतिपय देशका राजाका टाउकासमेत गिडियो । वैज्ञानिक दर्शन, योजना, कार्यक्रम र समग्र सामाजिक अन्तर्विरोधको वस्तुसंगत ढंगबाट विश्लेषण र संश्लेषण गरेर सर्वहारा वर्गको नेतृत्व गर्ने पार्टी र नेतृत्वको अभावका कारण विश्वमा हलचल मच्चाउन सक्ने ठूला-ठूला क्रान्तिकारी किसान आन्दोलनहरूले आफ्नो वर्गहितका खातिर सत्ता प्राप्त गर्न सकेन । दासविद्रोहको नेतृत्व गर्ने बहादुर, लडाकू स्पाटकस्‌जस्ता कैयौं किसान नेताहरू किसान आन्दोलनले नजन्माएको होईन । तर वैज्ञानिक विचार र नेतृत्व जन्माउँन नसक्दा आन्दोलनको समग्र उपलब्धी पूँजीवादीहरूले लिन पुगे । पछिल्लो चरणमा सर्वहारावर्गले सत्ता आफ्नो हातमा लिन विद्रोहलाई जारि राखेका कारण पूँजीपतिरुले सामन्तवर्गसँग सम्झौता गर्‍यो । सर्वहारावर्गको हातमा सत्ता जान नदिन पूँजीवादी र सामन्तवर्ग मिलेर सत्ता चलाउन सहमति कायम गरे मूलत विज्ञानको नियमअनुरूप पनि पिछडिएको सामन्तवर्गले पुरानो तवरबाट सत्ता चलाउन सकेन अथवा टिकाउन सक्ने वस्तुगत आधार रहेन । वस्तुगत आधार कमजोर हुदै जानू किसान आन्दोलन बढ्दै जानू जस्ता कारणहरूले सामन्तवादी युगको अन्त्य हुदै गयो भने त्यसको ठाउँ पूँजीवादले लिदै गयो । यूरोप अमेरिका जस्ता देशहरूमा पूँजीवादी क्रान्तिको लहर नै चल्यो ।

सामन्तवादले खडा गरेको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक हस्तक्षेपमात्र होईन धार्मिक भेदभाव तथा जातीय भेदभाव बढाएर सर्वहारा वर्गको शक्तिलाई पृथकीकरण गरेर राज्यसत्ता टिकाउँदै आएको थियो । तर पूँजीवादी सत्ताले धार्मिक तथा जातीय भेदभावलाई त त्यति प्रधानता दिएन तर राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जस्ता विषयहरूमा भने मजदूरवर्गलाई ब्यापक हस्तक्षेप गर्न सुरु गर्‍यो । पूँजीवादले आफूलाई आर्थिक रूपमा सवल त वनायो नै तर सँगै बहुसंख्यक मानिसहरूको चर्को श्रमशोषण गरेर आफैलाई सिध्याउने वहुसंख्यक सर्वहारा मजदुरहरूको ठूलो हिस्सा तयार पार्दै लग्यो । दासयुगमा दास-दासीहरूले र सामन्तवादी युगमा किसानहरूले विहान ६ बजे उज्यालो भएदेखि साँझ ६ बजे अध्यारो हुँदासम्म जम्मा १२ घण्टा श्रम गर्न बाँध्य पारिन्थ्यो भने पूँजीवादीहरूले ६० वर्षको वृद्ध होस या वालक, महिला होस या विरामी आधा पेट खाना एक जोर कपडा लगाउनका निमित्त कारखानामा १८ घण्टा श्रम गर्न बाँध्य पार्‍यो । दासदासी र किसानहरूको भन्दा चर्को शोषण, दमन र उत्पीडन खेप्न सर्वहारा मजदुर बाँध्य बन्दै गए । पूँजीवादीहरूको ज्यावलहरूमा अत्यन्तै न्यून तलवमा १८ घण्टा श्रम बिक्रीमात्र होईन एउटा साँघुरो कोठामा धेरै जना मजदुरहरू एकै ठाउँमा वस्नुपर्ने बाँध्यताका कारण चर्को विमारले सताउने र औषधी उपचारको अभावमा ज्यान गुमाउनु पर्ने अवस्था पनि त्यतिकै कष्टकर बन्दै जान थाल्यो । यस प्रकारको दमन, उत्पीडन, र कष्टकर जीवनले सर्वहारा वर्गलाई आन्दोलनका आँधीवेहरी श्रृजना गर्न भित्रभित्रै संगठित बनाउदै लग्यो ।

समाज विकासका हिसाबले दासयुग, सामन्तयुगभन्दा पुँजीवादीयुग एक कदम प्रगतिशील त हो तर बहुसंख्यक सर्वहारा मजदुरवर्गलाई चर्को श्रमको शोषण गरेर पूँजीको केन्द्रीकरण, सामाजिक तथा साँस्कृतिक रूपमा विकृति र समाजलाई तहस्‌नहस् पार्ने दृष्टिकोणबाट हेर्दा पूँजीवाद अत्यन्तै घिनलाग्दो व्यवस्थामा पतीत् वन्दै गयो । पूँजीपतिवर्ग र पूँजीवादी सत्ताले शोषणमूलक व्यवस्थालाई चरम दिशातिर बढाउदै लग्यो भने श्रमिकहरू लाखौंलाखको मात्रमा सर्वहारा बन्दै जाने क्रम बढ्दै गयो । एउटै कारखानामा विभिन्न क्षेत्रबाट आएका मजदुरहरूका बिचमा घुलमिल हुनाले मजदुरहरूको चेतना र क्षमता किसानहरूको भन्दा स्वभाविक रूपमा माथि रहन गयो । ठूलो समूहमा एकै ठाउँमा रहने भएका कारण संगठित हुन र एउटै प्रकृतिको श्रम भएका कारण उनीहरूमाथिको श्रमशोषणको प्रकृति पनि एउटै हुने हुँदा संघर्षलाई उठाउन बाटो फराकिलो वन्दै गयो ।

पूँजीपतिवर्ग र पूँजीवादी राज्यसत्ताले चर्को श्रमशोषण गरेर औजारका सामान श्रमिकवर्गका हातबाट खोसेर एकाधिकार जमाउने काम मात्र गरेन तिनै औजारका सामान प्रयोग गरेर श्रमिकवर्गको चर्को श्रमको शोषणबाट अकूत कालो पूँजी केन्द्रित गर्ने काम गर्‍यो । श्रमिकवर्गको ठूलो हिस्सालाई सर्वहारा वनाएर आफ्नै सत्ताका विरुद्ध लड्ने आधार पनि तयार पार्‍यो । बेलायत, फ्रान्स, अमेरिका, इटाली, जर्मन, रुसजस्ता देशहरूमा सबैभन्दा पहिले पूँजीवादको विकास भएका कारण आन्दोलनका केन्द्र पनि तिनै देशहरू बन्न पुगे । सर्वप्रथम सन् १६१९ मा बेलायतका मजदुरहरूले संगठनको निर्माण गरेर आफ्नो दैनिक कामको ज्याला बृद्धि लगायत अन्य विविध मागहरू अगाडि सार्दै संघर्षको मैदानमा खडा भए । पूँजीवादीहरू तथा पूँजीवादी सत्ताले श्रमिक वर्गका मागहरूको सुनुवाई गर्ने, पूरा गर्नका निमित्त पहल गर्ने भन्दा श्रमिकवर्गलाई धम्क्याउने, निस्कासन गर्ने, यातना दिने, जेलमा




हाल्ने जस्ता दमनकारी नीति अवलम्वन गर्न पुगे । चर्को श्रमशोषण, अमानवीय दमनमात्र होईन ठूलाठूला आधूनिक मेसिनको निर्माणले लाखौं मजदुरहरू बेरोजगारको शिकार वनेर खाना खानै नपाएर सडकमा मृत्यु हुदै जाने क्रम अत्याधिक मात्रामा बढ्न पुग्यो । दास विद्रोह र किसान विद्रोह देखिनै वैज्ञानिक विचार तथा वैज्ञानिक विचारसहितको नेतृत्वको अभावमा श्रमिक वर्गले स्पष्ट मार्गदर्शन प्राप्त गर्न नसक्दा आन्दोलनबाट प्राप्त उपलब्धीको रक्षा र विकास गर्न नसके जस्तै मजदुर आन्दोलनको प्रारम्भिक चरणमा समेत त्यहिँ अवस्था देखा पर्‍यो । मागपत्रको आन्दोलन, मेसिनफोर आन्दोलन, संसदमा चुन्न र चुनिन पाउने ग्यारेन्टीको आन्दोलन जस्ता विश्व हल्लाउने ठूलाठूला श्रमिक आन्दोलन भए तर श्रमिकवर्गले खासै उपलब्धी हासिल गर्न सकेनन् । सयौ र हजारौंको को संख्यामा श्रमीकहरूले आफ्नो वर्गीय हितका खातिर वलिदानका किर्तिमान खडा गरे, संघर्षका क्रममा हजारौ अपाङ्ग वने, लाखौले श्रमबाट हात झिक्न बाँध्य भए । तर श्रमिकवर्गले लक्ष्य पूरा गर्न त परै जावस् लक्ष्य ठम्याउन समेत सकेन । श्रमिकवर्गको मनमस्तिष्कमा यतिमात्र थियो पूँजीपतिहरू शोषक हुन तिनै शोषकवर्गको साशनसत्ता छ । त्यसका विरुद्ध लड्न पर्दछ । यो नै तात्कालिन् श्रमिक आन्दोलनको वास्तविक यथार्थ हो ।

दासयुग, सामन्तवादी युग र पूँजीवादी युगको प्रारम्भीक चरणमा भएका वर्गसंघर्षका क्रममा कतिपय आदर्शवादबाट प्रेरित दार्शनिहरूले सामाजिक अन्तर्विरोधलाई हल गर्ने कतिपय विषयवस्तुहरू अगाडि नसारेका होईनन् । शोषण, दमन, र उत्पीडनको सुन्दर ढंगबाट व्याख्या विश्लेषण त गरे तर त्यसलाई वदल्ने वैज्ञानिक योजना तय गर्न सकेनन् । त्यसैले त मार्क्स भन्नुहुन्छ "दुनियाँका थुप्रै दार्शनिकहरूले समाजको व्याख्या त गरे तर ब्याख्यामात्र होइन मुख्य कुरा त दुनियाँ बदल्नु हो ।" यही अहम् र महत्वपूर्ण प्रश्नको जवाफ उनीहरूले दिन नसक्दा श्रमिक वर्गको आन्दोलनले गोलचक्कर मार्न बाँध्य भयो ।

फ्रान्समा जन्मेका सेन्ट साईमन (सन् १७६०-१८२५), चार्ल्स फ्यूरिए (सन् १७७२-१८३७) र वेलायतमा जन्मिएका रोवर्ट ओवेन (सन् १७७१-१८५८) जस्ता समाजसुधारक तथा काल्पनिक समाजवादी दार्शनिकहरूले समाजमा देखा परेको शोषण, दमन, उत्पीडन र त्यसबाट उत्पन्न वर्गसंघर्षलाई शान्तीपूर्ण तवरबाट हल गर्न चाहन्थे । श्रमीक वर्गका मालिकहरूलाई, राजामहाराजाहरूलाई, सत्तामा बसेका सत्ताका नायकहरूलाई बडो सालिन तवरबाट उनीहरूसँग छलफल गरेर सर्वहारा वर्गको अधिकारलाई सुनिश्चित गर्न चाहन्थे । उनीहरूको त्यो सोचाई यथार्थ, वस्तुपरक र वैज्ञानिक थिएन । जसले गर्दा सामन्त, पूँजीपति तथा उनीहरूका सरकारले त्यसको कुनै सुनुवाई गरेन । वरु उनीहरूका आँखैअगाडि श्रमिकवर्गमाथि ठूल्ठूला दमनहरू गर्दै गए । हजारौं मजदुरहरू दमनमा मारिदै गए भने हजारौंहजार मजदुरहरू खाना खान नपाएर सडकमा मर्दै जाने क्रम अत्यन्तै बढ्दै गयो ।

दासदासी र किसान आन्दोलनको तुलनामा सर्वहारा वर्गको मजदुर आन्दोलन अत्यन्तै पेचिलो र घनिभूत वन्दै अगाडि बढ्यो । किनकी हजारौं मजदुरहरू संगठित रूपमा एउटै कारखानामा कार्यरत रहनुका साथै समस्याको चूरो एउटै प्रकृतिको हुनु, चेतनाको स्तर तुलनात्मक रूपमा माथि हुनु जस्ता वस्तुगत तथा आत्मगत कारणहरूले गर्दा मार्क्सले भनेजस्तै "मजदुरहरूका निमित्त गुमाए हत्‌कडी जीते संसार" भन्ने मनोभावना जागृत हुन पुग्यो । पूँजीवादी सत्ताका विरुद्ध संघर्षको क्रममा पूँजीवादी साशकहरूले आफ्नो सत्ता टिकाई राख्न साम, दण्ड, भेद जस्ता सबै प्रकारका हतियार प्रयोग गर्न पुग्यो । दमनले मात्र सम्भव नभएपछि कथित संसद्को नाटक रचेर मजदुरहरूलाई चुनावमा उठ्ने र उठाउने जस्ता मौलिक अधिकारमाथि समेत प्रतिवन्ध लगाएर पूँजीपतिहरूलाई नै संसद् र सरकारमा पुर्‍याएर पुनः काला कानुनहरू निर्माण गर्दै दमन गर्ने कोसिस पनि नगरेका होईनन् । मजदुरहरूले पूँजीपतिहरूका सबै घेराहरूलाई तोड्दै आन्दोलन जारि राखे । हजारौं, लाखौं मजदुरहरूलाई वेरोजगार वनाउने पूँजीपतिहरूका ठूलाठूला आधूनिक मेसिन जडित कारखानाहरूलाई ज्यानको बाजी लगाएर खरानीमात्र वनाएनन् कतिपय पूँजीपतिहरूलाई भौतिक कार्वाही समेत गर्न पुगे । मालिकहरूको रक्षाका निमित्त वनिएका कथित संसदीय सरकार र सेनाका दमनकारी भूमिकादेखि वाक्क भईसकेका मजदुरहरूले आफूले कारखानामा वनाएका औजारहरू हातमा लिएर सडकमा उत्रिए र सेनाका विरुद्ध धावा वोल्न पनि पछि परेनन्. । कथित प्रजातन्त्रको मकुण्डो लगाएर सर्वहारा मजदुरको रगत र पसिनामा होली खेल्ने पूँजीवादी सत्तालाई पचासौं लाख भन्दा बढि मजदुरहरूको हस्ताक्षरसहितको मागपत्र २०औं जनाभन्दा बढि मजदुरहरूले बोकेर लाखौंको जुलूससहित संसदमा पेस नगरेका पनि होईनन् । त्यति धेरै मजदुरहरूको समर्थन रहेको मागपत्र संसदमा बुझाउन जाँदा कथित प्रजातान्त्रिक भनिएको संसदीय सरकारले माग पूरा गर्नूको सट्टा मजदुरहरूलाई दमन गर्ने, हत्या गर्ने जस्ता अत्यन्तै अमानवीय व्यवहार गरेर आफ्नो छोपिएको कूरूप अनुहार उदाङ्गो वनाउन वाँध्य भयो । सर्वहारावर्गका यिनै विद्रोह र प्रतिविद्रोह, सफलता र असफलता, संघर्ष दमन पुनः संघर्षका विचबाट एउटा नयाँ वैचारिक विचार जन्मीने आधारभूमि तयार भयो ।

सर्वहारा वर्गीय मजदुर विद्रोहका बारेमा वस्तुसँगत तवरबाट गहिरो अध्ययन गरिराख्नुभएका जर्मनमा जन्मनुभएका कार्ल मार्क्स तथा फ्रेडरिक एंगेल्सले १८४८ मा कम्युनिष्ट घोषणा पत्र जारी गरेर विश्व सर्वहारा मजदुर आन्दोलनलाई वैज्ञानिक दर्शनका माध्यमबाट दिशानिर्देश गर्ने काम भयो । वैज्ञानिक दर्शन, राजनैतिक अर्थशास्त्र, वैज्ञानिक समाजवाद जस्ता तीन संघटक अंगका बारेमा वैज्ञानिक तवरबाट व्याख्या, विश्लेषण र संश्लेषण गर्ने काम भयो । तत्पश्चात् विश्व मजदुर आन्दोलन्हरूले आफ्नो बाटो पहिल्याउन थाल्यो । वैज्ञानिक विचार, कम्युनिष्ट पार्टीको निर्देशन, जनताको आफ्नै जनमुक्ति सेनाको निर्माण, सशस्त्र संघर्षको अनिवार्यता, सर्वहारावर्गको हातमा राज्यसत्ता, वैज्ञानिक तवरको समाजवादी राज्य व्यवस्था जस्ता वैज्ञानिक विचार र वैज्ञानिक विधिहरू सर्वहारा वर्गले प्राप्त गर्‍यो । मार्क्सवादी विज्ञानको जगमा टेकेर पेरिसका मजदुरहरूले गरेको विद्रोहले पूँजीवादी सत्तालाई हराएर पहिलो पटक सन् १८७१ मा सर्वहारा वर्गको कम्युन स्थापना गर्न सफल भयो । यद्यपी ७२ दिनमा सर्वहारा वर्गले हार्‍यो तर सर्वहारा वर्गले सत्ता कब्जा गर्न र उत्कृष्ट तवरवाट सत्ता संचालन गर्न सक्छ भन्ने देखाईछाड्यो । मार्क्सवादको यहि वैज्ञानिक विचारको जगमा टेकेर सन् १८८६ मई १ बाट अमेरिकाको सिकागो शहरका मजदुरहरूले गरेको विद्रोहमा लाखौं मजदुरहरूले भाग लिए । अमेरिकाको पूँजीवादी सत्ताले आन्दोलन दवाउन षड्यन्त्र गरेर शान्तीपूर्ण सभामाथि वम पड्काएर मजदुरहरको हत्या मात्र गरेन निशस्त्र अवस्थामा पक्डीएका मजदुर नेताहरूलाई फाँसिको सजाय सुनाएर हत्या गर्‍यो । तर पनि आन्दोलन रोकिएन अन्ततः अमेरिकी सत्ता मजदुरवर्गका सामू घूँडा टेक्न बाँध्य भयो । आठ घण्टा काम, आठ घण्टा आराम र मनोरञ्जन जस्ता मागहरू पूरा गराईछाडे । आज विश्वका सवै पूँजीवादी साशकहरू उक्त नियम लागू गर्न बाँध्य छन् । सर्वहारा मजदुरको त्याग, वीरता, वलिदान र एकतापूर्ण संघर्षको विचबाट प्राप्त अधिकार विश्वका सम्पूर्ण मजदुरहरूले निर्वाध रूपमा उपयोग गरिराखेका छन् ।

मानव सभ्यताको उत्पति, विकास र निरन्तरतासँगै देखा परेको वर्गविभाजन, वर्गसंघर्ष, वर्गसंघर्षको उतारचढाव, क्षति, उपलब्धीका विचमा जन्मीएको मार्क्सवादको वैज्ञानिक सिद्धान्त र उक्त सिद्धान्तका आधारमा वर्गसंघर्षबाट सर्वहारा वर्गले प्राप्त गरेको उपलब्धीको रक्षा गर्दै थप उपलब्धी प्राप्तीका खातिर लेनिनको नेतृत्वमा रुसी सर्वहारा मजदुरलाई संगठीत गर्ने काम भयो । पेरिसका मजदुरहरूको विद्रोहभन्दा अत्यन्तै ब्यवस्थित, संगठित र मार्क्सवाद-लेनीनवादको वैज्ञानिक विचारमा आधारित रुसका १९०५-१९०७ का विद्रोह तथा १९१४-१९१७ का सर्वहारा वर्गीय मजदुर विद्रोहहरू हुन् । जुन विद्रोहहरूले विश्व मजदुर आन्दोलनहरूमा अत्यन्तै दुरगामी तथा ऐतिहासिक महत्त्व राख्दछन् । पहिलो विद्रोहले सफलता प्राप्तिका निमित्त आधार तयार पार्‍यो भने दोसो विद्रोहले पूँजीवादी सत्तालाई धुलो चटाएर विश्वमा पहिलो पटक सर्वहारा वर्गको उत्कृष्ट, वैज्ञानिक समाजवादी सत्ताको निर्माण गर्‍यो विश्व सर्वहारावर्गलाई अत्यन्तै उत्साहीत, आन्दोलित, वैचारिकृत र एकतावद्ध वनाउनुका साथै पूँजीवादी डाकाहरूको राज्यसत्तालाई हाँक दिन सफल भयो ।

सर्वहारा मजदुरवर्ग संख्यात्मक हिसावले कमै भएतापनि सन् १९१९ मईमा भएको चीनियाँ मजदुर आन्दोलनले सन् १९२१ मा चीनियाँ कम्युनिष्ट पार्टीको स्थापना गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो । मजदुर आन्दोलनको यहि पृष्ठभूमिबाट निर्माण भएको कम्युनिष्ट पार्टीले माओत्सेतुङको सफल नेतृत्वमा किसान श्रमिकहरूलाई संगठित र आन्दोलित गरेर मजदुर किसानको सहभागितामा सन् १९४९ मा क्रान्ति सफल हुन पुग्यो । विश्वक्रान्तिलाई अगाडि बढाउन मार्क्सवाद-लेनिनवादलाई अझै विकसित गर्दै माओवादका रूपमा आफ्नो दार्शनिक मान्यतालाई स्थापित गर्‍यो । मार्क्सवाद-लेनीनवाद-माओवाद नै सर्वहारा मजदुरवर्गको त्यस्तो अजय हतियार हो जसलाई दुनियाँको कुनैपनि तागतले वैचारिक रूपमा खण्डन गर्न सक्दैन । आजसम्म गर्न सकेको पनि छैन ।

मार्क्सवाद-लेनिनवाद-माओवादको वैज्ञानिक विचारलाई दार्शनिक रूपमा तथ्यपरक ढंगबाट खण्डन गर्न नसकेपछि सर्वहारा वर्गको मजदुर आन्दोलनभित्र क्रान्तिकारीताको खोल ओडेर प्रवेश गर्नु र आन्दोलनलाई तहस्-नहस् बनाउनु, आन्दोलनभित्रका कतिपय कमजोर वैचारिक आधार भएका नेताहरूलाई प्रयोग गरेर आन्दोलनभित्र विखण्डन पैदा गर्नू मजदुर आन्दोलनलाई सत्ताप्राप्तिको आन्दोलनसँग जोड्न नदिन विचबाट अलग्याउने, पार्टीबाट अलग्याउने, मजदुर संगठन स्वतन्त्र संगठन हो भनेर व्यापक प्रचार गर्ने, तलवबृद्धि, औषधी उपचार, वोनस, सञ्चयकोष, घरविदा, विरामी विदा, भईपरि आउने विदा जस्ता अत्यन्तै झिनामसिना विषयवस्तुको वकालत गरेर मजदुर आन्दोलन सुधारवाद, ट्रेडयुनियनवादमा फसाउने ठूलो कसरत गर्दै आएका छन् । पूँजीवादी साम्राज्यवादीहरूको बृहत ग्र्याण्ड डिजाइनमा कम्युनिष्टको खोल ओडेका संशोधनवादी तथा संशोधनवादी विचारबाट प्रशिक्षित र प्रभावित मजदुर आन्दोलनका नेताहरू विश्वस्तरमा यहि हल्ला गराखेका छन् र जुझारु क्रान्तिकारी मजदुर आन्दोलनको घाँटी निमोठी रहेका छन् ।

उत्पीडित राष्ट्रका जनता मूलतः श्रमिक सर्वहारा वर्गको चर्को श्रम शोषण गरेर साम्राज्यवादी पूँजीवादी शक्ति राष्ट्रहरूले अत्याधिक कालो पूँजी केन्द्रीत गरेर आफ्नो देशका केही दलाल मजदुरहरूलाई किनेर कथित ट्रेड युनियनको नेताको रूपमा उभ्याएर अन्य लाखौं, करोडौं मजदुरहरूको चर्को श्रम शोषण गरीरहेका छन् । विशुद्ध ट्रेड युनियनको नाममा मार्क्सवाद-लेनिनवाद-माओवादको वैज्ञानिक विचार तथा वैज्ञानिक विचारसहितको कम्युनिष्ट पार्टी र उसको नेतृत्वबाट अलग्याएर मजदुर आन्दोलन उठ्नै नदिने, यदि उठिहालेमा सिमित सुधारको चारो फालेर सम्झौतामा पुर्‍याउने काम निरन्तर रूपमा गर्दै आएका छन् । जसले गर्दा विश्वस्तरमा सर्वहारा वर्गीय मजदुर आन्दोलनमा अत्यन्तै सशक्त वैचारिक भण्डाफोर गर्दै सर्वहारा मजदुर नेताहरूले विचारको आधारमा सुधारवाद र ट्रेड युनियनवादको सशक्त वैचारिक भण्डाफोर गर्दै सर्वहारा मजदुरवर्गको नेतृत्वमा किसानहरूको शक्तिलाई समेत आन्दोलनमा एकीकृत बनाउनु आजको महत्वपूर्ण जीम्मेवारी हो । अर्थवाद, ट्रेड युनियनवादको भण्डाफोर गरौं । जुझारु क्रान्तिकारी मजदुर आन्दोलनको विकास गरौं ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# मे १, १८८६ को मजदुर आन्दोलन

मे १, १८८६ मा अमेरिकाको सिकागो सहरमा भएको मजदुर आन्दोलन आठ घण्टा मात्र कामको मागसित सम्बन्धित छ, भयानक बलिदानका कारण यो आन्दोलनले मजदुरहरूका केही कानुनी हक र मान्यतालाई स्थापित गराएको थियो । त्यसैले आजको मजदुर आन्दोलनमा पनि मे १ ले ठूलो ऐतिहासिक महत्व राखेको छ ।

अगस्ट २०, १८६६ मा बाल्टिमोरमा भेला भएका ६० मजदुर संगठनहरूको एक भेलाले सर्वप्रथम आठ घण्टा कामको माग राखेर 'नेसनल लेबर युनियन' भन्ने एक संगठनको निर्माण गरेको थियो । मजदुरहरूको त्यो अन्तर्राष्ट्रिय महत्वको संगठनको नेतृत्व एचबी सिल्विसले गरेका थिए । एचबी सिल्विसले प्रथम अन्तर्राष्ट्रिय नेताहरूसँग लगातार पत्र व्यवहार गर्दथे । सिल्विस एक जना असाध्य प्रतिभाशाली मजदुर नेता थिए । नेसनल लेबर युनियनको १८६७ को अधिवेशनले अन्तर्राष्ट्रिय मजदुर आन्दोलनलार्य सहयोग गर्ने निर्णय गरेको थियो । १८६९ मा लेबर युनियनले प्रथम अन्तर्राष्ट्रियको नियन्त्रणलाई स्वीकार गरी जनरल काउन्सिलमा एक जना प्रतिनिधि पठाउने निर्णय गरेको थियो । दुर्भाग्य, यसैबीच मजदुर आन्दोलनका महान् नेता एचबी सिल्विसको दुःखद निधन भयो । त्यसकारण सिकागोबाट प्रकाशित हुने पत्रिका वर्किङ म्यान्स एडवोकेट (श्रमजीवीहरूको वकिल) भन्ने पत्रिकाका सम्पादक एसी केमरानलाई अन्तर्राष्ट्रियको प्रतिनिधि चुनेर पठाएको थियो । सिल्विसको मृत्युमा प्रथम अन्तर्राष्ट्रियले गहिरो शोक प्रस्ताव पारित गरेको थियो । उनको मृत्युपश्चात् लेबर युनियनमा खराब मान्छेहरूको प्रवेश भयो, जसको परिणाम युनियन बदनामी कमाउँदै विघटन भयो ।






नेसनल लेबर युनियनले उठाएको आठ घण्टा कामको मागलाई कार्लमार्क्सले जोडले समर्थन जनाएका थिए । १८६६ को सेप्टेम्बरमा जेनेभामा सम्पन्न भएको प्रथम अन्तर र्राष्ट्रियको कङ्ग्रेसले यसरी आफ्नो धारणा अभिव्यक्त गरेको थियो । ' जबसम्म काम गर्ने समय सुनिश्चित गरेर कानुनी रूपमा बाँधिदैन, तबसम्म मजदुर वर्गको खुसीयाली र स्वतन्त्रताका लागि गरिने संघर्षको प्रयास निरर्थक साबित हुने छन् । त्यसैले कङ्ग्रेस प्रस्ताव गर्दछ की आठ घण्टाको कामको दिनलाई कानुनी मान्यता दिइयोस् ।' १८६७ मा प्रकाशित भएको पुँजीको प्रथम खण्डमा मार्क्सले निग्रो र गोरा मजदुरहरूको वर्ग हितका कुरा उठाएका छन् । त्यसमा मार्क्सले आठ घण्टा कामको मागलाई समर्थन मात्र गरेका छैननू, काला र गोरा मजदुरहरूका बीचको भेदलाई आलोचना गर्दै मार्क्सले काला मजदुरहरूको सम्पूर्ण रूपमा मुक्ति नहुँदै गोरा मजदुरहरू पनि मुक्त हुन नसक्ने विचार व्यक्त गर्दै काला र गोरा मजदुरका बीचमा भेद होइन, वर्गीय एकतामा मार्क्सको जोड रहेको थियो ।

मजदुर आन्दोलन विगतबाट पाठ सिक्दै सुव्यवस्थित र संगठित ढंगले निश्चित मागहरूसहित अगाडि बढिरहेको थियो । तर पुँजीपति वर्गले मजदुरका मागहरूलार्य सम्बोधन गर्ने दिशामा ध्यान दिएनन् । त्यस बेला अमेरिकामा मार्क्स र एङ्गेल्सको समाजवादी विचारधाराको पनि व्यापक प्रचार भएको थियो । समाजवादी चेतले मजदुर आन्दोलनमा ऊर्जा थप्ने काम गरेको थियो । १८८६ को मजदुर आन्दोलनका विश्व सर्वहारावर्गका महान् नेता कार्लमार्क्सको निधन भइसकेको थियो । एङ्गेल्स जीवित थिए र उनले दोस्रो अन्तर्राष्ट्रियको सन्दर्भमा गहृकार्य गरिरहेका थिए । एङ्गेल्सले अमेरिकाको मजदुर आन्दोलनका नेता फ्रेडरिक एडोल्फ सोर्गे मार्फत् अमरिकी मजदुर आन्दोलनबारे जानकारी लिने काम गर्दथे । १८८४ को गर्मी महिनामा फ्लोरेन्स केली विसन्थेवास्की नामकी २५ वर्षकी एक अमेरिकी युवती जुरिच विश्व विद्यालयमा अध्ययन गर्दै थिइन् । उनले फ्रेडरिक एङ्गेल्सको 'बेलायतका मजदुर वर्गको अवस्था' भन्ने पुस्तक बेलायतमा अङ्ग्रेजी भाषामा प्रकाशित गरिन् । १८८६ को सरदमा लन्डनमा एङ्गेल्स र फ्लोरेन्स केलीको भेटघाट भयो । त्यसपछि उनको र एङ्गेल्सका बीचमा घनिष्ठता बढ्दै गयो । समाजवादी विचारधारा र अमेरिकी मजदुर आन्दोलनका सन्दर्भमा निरन्तर पत्र व्यवहारहरू हुन थाले । त्यो समयमा अमेरिकामा ८ घण्टा कामको मागलाई लिएर ३ लाख ५० हजार जनता आन्दोलनरत थिए । आन्दोलन सफलताको शिखरतिर अगाडि बढिरहेको थियो । सिकागोका मजदुरहरूले ज्यालाबृद्धि र ८ घण्टा कामको मागलाई लिएर मे १, १८८६ का दिन मुलुकै ठप्प पार्ने गरी एउटा निर्णायक आन्दोलन गर्ने तयारीलाई अगाडि बढाए । प्रतिक्रियावादी अखवारहरूले यो तयारीलाई विभिन्न कोणबाट बदनाम गर्ने अभ्यास गरे । देशभरि मे १ का दिन ठूलो नरसंहार हुने भ्रम फैलाएर मजदुरहरूलाई तर्साउन थालियो । केही प्रतिक्रियावादी अखबारहरूले सिकागोमा 'कम्युनिस्ट विद्रोह' हुने प्रचार पनि गरे । प्रतिक्रियावादी अखबारहरूले हडतालीहरूलाई बमले उडाउनु पर्दछ भन्ने विचारसमेत प्रकट गरे । तर मजदुरहरू आफ्नो निर्णयमा अडिग रहे । आन्दोलनको तयारी हुँदै गयो । प्रतिक्रियावादी अखबारहरूले 'सडकको हरेक बस्तीको खम्बालाई एउटा कम्युनिष्टको लासले सिँगार्नु पर्दछ', 'हुलदङ्गालाई गोली र नेतालाई डोरी' जस्ता शीर्षकका समाचारहरू सम्प्रेषण गरे । यस्तो धम्कीबाट मजदुर तर्सेनन् । मे १, १८८६ को दिनबाट सिकागोका मजदुरहरूले आम हडतालको घोषणा गरे । पहिलो दिनको आन्दोलनमा ४० हजार मजदुर सडकमा आए । दोस्रो दिन आन्दोलनमा न्यूयोर्क, बाल्टिमोर, वासिङ्टन, सेटलुई आदि सहर हुँदै देशभरी फैलियो । मजदुरहरूको संख्या बढेर ८० हजार पुग्यो । मे १२ को मजदुर आन्दोलनबाट पुँजीपतिवर्गको सरकार अत्तालिन पुग्यो, जसको परिणाम मे ३ को तेस्रो दिनको एक लाख मजदुर सहभागी आन्दोलनमा सरकारले गोली चलाउने आदेश दियो ।

मे ३ का दिन निःशस्त्र शान्तिपूर्ण हडतालमा उत्रेका मजदुरहरूमाथि निर्ममतापूर्वक गोली बर्साइयो, जसबाट पुलिसको गोलीले ५ जना मजदुरहरूको ज्यान लियो र ५० जना घाइते भए । यो घटनाले मजदुरहरूलाई पुँजीपति वर्गको सरकारविरुद्ध थप क्रोधित बनायो र मजदुरहरूले मे १४ का दिन सरकारको हिंसक र बर्बर आक्रमणका विरुद्ध हे मार्केटमा विशाल जनसभाको आयोजना गरे । विशाल जनसभा भव्यरूपमा सम्पन्न हुँदै थियो । सभाको अन्ततिर मजदुरहरूलाई भड्काउन र सरकारलाई दमनका लागि वातावरण निर्माण गर्नका निमित्त एक जना सरकारी दलाल व्यक्तिले नै पुलिस जत्थातिर एउटा शक्तिशाली बम फ्याँकेर भाग्यो । सो बम विष्फोटनको कारण एक जना सार्जेन्टको ज्यान गयो । त्यसपश्चात् भड्केको पुलिस मजदुर हिँसामा सात जना पुलिसहरूको र चार जना मजदुरहरूको ज्यान गयो । यही निहुँमा सरकार मजदुरहरूका विरुद्धमा क्रुर दमनमा उत्रियो । सभामा पुलिसले लाठी, मुङ्ग्रा र गोली बर्साउन पुग्यो ।

आन्दोलनमा सेन्ट्रल लेबर युनियन, फेडरेसन नाइट्स अफ लेबर र सोसलिस्ट लेबर पार्टीसित सम्बन्धित सबै मजदुर संगठनहरू मोर्चागत रूपमा सहभागी थिए । सरकारले सो बमकाण्डको आरोप मजदुर नेताहरूमाथि थोपऱ्यो । मजदुर नेताहरूका विरुद्धमा एकलौटी रूपमा हत्यारा सावित गर्ने प्रपञ्च मिलाइयो र मजदुर नेताहरूलाई प्रतिक्रियावादी अदालतमा खडा गरियो । अदालतले मजदुर नेताहरू पारसन, स्पाइस, फिसर र एङ्गेललाई फासीको सजाय सुनायो र कैयौँ मजदुर नेताहरूलाई कडा कारावासको सजाय दिने फैसला गऱ्यो । चार जना मजदुरलाई फासी दिने सजाय र कैयौँलाई कडा काराबासको सजायले मजदुर आन्दोलनलाई शिथिल र कमजोर बनाएन । यो करुण र मर्मस्पर्शी घटनाले मजदुर आन्दोलन झन् विश्वव्यापी बन्न गयो । हे मार्केट घटनाको मुख्य दोषीका रूपमा पुँजीवादी न्यायालयले फासीको तख्तामा झुण्ड्याउने फैसला गर्दै गर्दा ती चार जना महान् शहीदहरूले आफ्नो वीरता र मजदुर आन्दोलनप्रतिको अटल विश्वासलाई यसरी प्रदर्शन गरेका थिएः 'तिमीहरू हामीलाई फासी दिएर दुःख-कष्टमा बाँचिरहेका लाखौँ, करोडौँ थिचिएका श्रमिक जनताको आन्दोलनलाई रोक्न सकिन्छ भनेर सोच्छौ र यही तिमीहरूको मत छ भने हामीलाई झुण्ड्याऊ तर तिमीहरूले थाहा पाउनु पर्दछ कि तिमीहरू एक टुक्रा फिलिङ्गोलाई मात्र कुल्चदै छौ, जसको ज्वाला तिम्रा अगाडि पछाडि ढल्किरहेको छ । यो ज्वाला जनताको बीचबाट दन्की रहेको छ । यसलाई दबाउने तागत तिमीहरूसँग छैन ।'

चार जना मजदुर नेताहरूलाई फासीको सजाय दिएको घटना विश्वव्यापी भयो । मे १ आन्दोलनको समर्थन र मजदुर नेताहरूको हत्याको विरुद्धमा युरोपभरि विशाल मजदुर प्रदर्शनहरू भए । १८८९ मा संसारका प्रतिनिधिहरूको एउटा बैठक सम्पन्न भयो । सो बैठकले मे १ लाई अन्तर र्ष्ट्रिय मजदुर दिवसका रूपमा मनाउने निर्णय गऱ्यो । १८९० मा आठ घण्टा कामको मागलाई लिएर समग्र युरोपभरि विराट् मजदुर आन्दोलनहरू भए । लन्डनमा भएको मजदुर आन्दोलनमा एङ्गेल्सले भाग लिएका थिए । चार जना मजदुरलाई फासी दिएको ४ वर्षपछि अमेरिकी सरकार मजदुरहरूलाई आठ घण्टाको कामको माग पूरा वर्ग विवश भयो । मजदुरहरूको प्राप्त गरेको आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जनको अधिकार मजदुरहरूको सम्झौताहीन संघर्ष र उच्च बलिदानीको परिणाम थियो । एङ्गेल्सले मजुदरहरूको यो विजयलाई सुरुवाती विजय मात्र बताएका थिए । एङ्गेल्सले मजदुरवर्गको वास्तविक हितको प्रतिनिधित्व गर्ने समाजवादी पार्टी र राज्यसत्तामाथिको कब्जाको आवश्यकतामा जोड दिएका थिए । मजदुर आन्दोलनको पहिलो विजयको ध्वजा फहराएको र महान् बलिदानीपूर्ण संघर्षको शंखघोष गरेको सिकागो सहर अमेरिकाको उत्तरमा पर्दछ । दुई दहको किनारामा रहेको यो सहर कृषि र मासु उत्पादनका निमित्त प्रसिद्ध मानिन्छ । जुन सहरले विश्व मजदुर आन्दोलनको इतिहासमा एउटा भुल्न नसकिने स्मृतिको रूपमा परिचय दिएको छ । तर दुःखको त्यति उच्च स्मृति बाकेको सिकागो आज मजदुर आन्दोलनका निमित्त उर्वर भूमिका रूपमा गनिदैन । वर्गीय पहिचानलाई बिर्सेर केही सुविधामा अल्झेको मजदुर आन्दोलनको एक परिचयका रूपमा अमेरिकाको मजदुर आन्दोलन रहेको छ । केही विज्ञहरू यसो पनि भन्दछन्ः 'अमेरिकाको मजदुर आन्दोलनले पनि प्रतिक्रियावादी चरित्र ग्रहण गरी सकेको छ ।' तर हामीलाई आशा, भरोसा र विश्वास छ, वर्गसंघर्षको इतिहासमा सधैं यस्तो अवस्था रहने छैन । आज पनि भूमण्डलीकरणको भयानक शोषण र उत्पीडनको सिकार भएका अमेरिकी मजदुरहरूलाई फेरि नयाँ शिराबाट उठ्नै पर्ने छ । किनभने दुनियाँ स्थिर होइन, गतिशील छ ।

*(विश्व कम्युनिष्ट आन्दोलनको इतिहास खण्ड १ बाट)*

# उत्तर कोरिया र दक्षिण कोरियाबीच शिखर वार्ता

काठमाडौँ । ऐतिहासिक र सफल भनिएको शिखरवार्तामा 'शान्तिको नयाँ युग सुरुवात' भएको घोषणा गरेका किम जोङ उन धुमधामको रात्रीभोजपछि दक्षिण कोरियाको सीमावर्ती गाउँ पान्मुन्जोमबाट शुक्रबार साँझ विदाइको हात हल्लाउँदै घर फर्केका छन् । किम र राष्ट्रपति मुनबीच युद्धलाई औपचारिक रूपमा अन्त्य गर्ने, प्रायद्वीपको आणविक निशस्त्रीकरण गर्ने, आपसी कूटनीतिक संयन्त्र सञ्चालनमा ल्याउने, दुई देशलाई जोड्ने सडक र रेलमार्ग सञ्चालनमा ल्याउनेलगायतका महत्वपूर्ण सहमति भएका छन् ।

तर के वास्तवमै कोरियाली प्रायद्वीपमा शान्ति सम्भव छ? कोरियामा भूरणनीतिक चलखेल गर्ने शक्ति राष्ट्रहरूको स्वार्थ के छ ? के कोरियाली जनले खोजेको शान्ति र ती शक्ति राष्ट्रहरूको शान्तिको परिभाषा मिल्छ? यदि त्यो परिभाषा अलगअलग भए तिनले कोरियामा शान्ति आउन देलान्? यो वार्तामा किमको, मुनको, ट्रम्पको वा सीको नियत के छ? के उत्तर कोरियालाई आणविक शक्तिसम्पन्न राष्ट्रका रूपमा स्वीकार्न अन्य राष्ट्र तयार होलान्? के उत्तर कोरिया एकतर्फी रूपमा आणविक निशस्त्रीकरणका लागि तयार होला ? अथवा, दक्षिण कोरियाबाट आफ्नो सेना फर्काउन अमेरिका तयार होला? यस्ता प्रश्नहरूको उत्तर दिन भने सजिलो छैन ।

सबैभन्दा पहिले अमेरिकी राष्ट्रपति ट्रम्प अघि सरेर आफूले अपनाएको



'अधिकतम दबाब' को नतिजास्वरूप वार्ता सम्भव भएको बताएका छ ्। उनले सहयोगका लागि राष्ट्रपति सीलाई धन्यवाद दिएका छन् । उता उत्तर कोरियामा भने शान्ति प्राप्तिको जस किमले आफूलाई नै दिएका छन्। 'म हरेक दिन उत्तर कोरियाली टिभी हेर्छु,' भागेर दक्षिण कोरिया पुगेका पूर्व उत्तर कोरियाली कूटनीतिज्ञ थाय योङ हो भन्छन्, 'पछिल्लो शान्तिपूर्ण वातावरण आणविक हतियार विकासमा उत्तर कोरियाले प्राप्त गरेको सफलताको प्रत्यक्ष नतिजा भएको यसले बताइरहेको छ।' सबै बाधा पन्छाएर कोरियामा संवाद अघि बढेछ भने पनि भूराजनीतिक दाउ खेलिरहेका राष्ट्रमध्ये सबैले जित्ने सर्तको खोजी भएमात्रै त्यहाँको शान्ति दीगो हुनेछ।

जे होस् अप्रिल २७ को शिखरवार्ताले ट्रम्प र किमबीचको शिखरवार्तालाई भने सुनिश्चित गरेको छ। शुक्रबार नै ट्रम्पले आफूहरू सम्झौताका लागि जाने तर सम्झौता नभए पनि केही फरक नपर्ने बताएका छन् ।

'आशा छ, हामी सम्झौतामा पुग्नेछौँ,' ट्रम्पले भने, 'यदि सम्झौता भएन भने पनि ठीकै छ ।' एजेन्सी

कोरियाली प्रायद्वीपमा सन् १९५० को जुन २५ देखि सन् १९५३ जुलाई २७ सम्म चलेको युद्धले लामो समयसम्म कोरियाली जनतालाई दुःख, त्रास र अन्योलमा बाँच्न बाध्य पारेको थियो ।

## क्रान्तिकारीद्वारा कञ्चनपुरका सबै स्थानीय तहमा माग पत्र पेश

● **धनन्जय अवस्थी**

कञ्चनपुर । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारी जिल्ला संगठन समिति कञ्चनपुरले जिल्लाका नौँवटै स्थानीय तहमा माग पत्र पेश गरेको छ ।

जिल्लाको शिक्षा क्षेत्रमा भइरहेको दलाली, चर्को भर्ना शुल्क तथा मासिक शुल्क असुली गरिरहेको भन्दै विभिन्न २६ बुँदे माग राख्दै मोहन वैद्य'किरण' निकट अखिल (क्रान्तिकारी)ले जिल्लाका सातवटै स्थानीय निकायका प्रमुखलाई २६ बुँदे माग पत्र बुझाएको अखिल (क्रान्तिकारी) जिल्ला संगठन समिति कञ्चनपुरका अध्यक्ष तारा पन्तले जानकारी दिनुभयो । हाम्रो माग तत्काल पुरा नभए चरणवद्ध आन्दोलन गर्ने समेत ज्ञापन पत्र मार्फत जानकारी गराएको विध्यार्थी नेता पन्तले जानकारी दिनुभयो ।

# रूसमा मार्क्सवाद र लेनिनको संक्षिप्त जीवनी




● हुकुमबहादुर सिंह ●

नेपालमा संसदवादी र संशोधनवादी कम्युनिष्टहरूले यो वर्षको लेनिन दिवस मनाएनन्, उनीहरूले राष्ट्रिय सभाहलमा नेकपाको स्थापना दिवस मात्रै मनाए, लेनिनको फोटो राख्न पनि उनीहरू (संशोधनवादका नयां जोगी माके र संशोधनवादको पुरानो जोगी एमाले) बीचमा विवाद देखियो, यसमा संशोधनवादको पुरानो जोगी एमालेको नै सिद्धान्ततः विजय नै देखियो । यद्धपि नेपालमा विद्यमान अन्य मार्क्सवादी लेनिनवादी माओवादी कम्युनिष्टहरूले आ-आफ्नो हिसावले लेनिनको १४८औ लेनिन जयन्ती र ६८औ नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवस मनाए ।

अहिले नेपालमा संसदवादी र संशोधनवादी कम्युनिष्टहरूको नेतृत्वमा सरकार गठन भएको छ । तर नामबाट मात्रै यी कम्युनिष्ट हुन् । सिद्धान्त, विचार र राजनीतिका हिसावले ती कम्युनिष्ट होइनन् भन्ने कुरा स्वयम् उनीहरूले पनि भन्दै आएका छन्, व्यवहारमा पुस्टि र पुनर्पुस्टि गर्दै आएका छन् । विश्व कम्युनिष्ट आन्दोलनमा जुनबेलादेखि मार्क्सवादको खोल ओढेर मार्क्सवाद विरोधी धाराको रूपमा संशोधनवादको उदय भयो, त्यसै बेला देखिन त्यसका विरुद्ध निरन्तर संघर्ष पनि चल्दै आएको छ र नेपाली कम्युनिष्ट आन्दोलनवारे पनि सत्य हो । लेनिनको सम्पूर्ण राजनीतिक जीवनकालभरी मार्क्सवाद र संशोधनवादबीच गहन वादविवाद र संघर्ष चलेको इतिहास छ । यस दौरानमा लेनिनले मार्क्सवादको रक्षा मात्रै गर्नु भएन अपितु यसको खजानामा महत्वपूर्ण प्रस्थापनाहरू पनि थप्नु भयो, जसलाई आज हामी मार्क्सवाद लेनिनवाद भन्दछौ । अन्तरास्ट्रिय कम्युनिष्ट आन्दोलनमा भएका विकास क्रममा समय समयमा नयां अनुहारमा देखा परेका बर्न्सटीनहरू, काट्स्कीहरू, ख्रुश्चेभ, ब्रेझनेभ, ल्युशाओचीहरू, नानारूपी अवसरवादीहरूको विरुद्धको संघर्षमा मार्क्सवादको अजेयता र जीवन्तता पुस्टि हुँदै आएको छ । तर अहिले नेपालमा संशोधनवादीहरू संशदवादको आहालमा रमाई रमाई सत्ता स्वाद लिंदै छन् र जसलाई लेनिनले जनताका लागि एउटा "सुँगुरको खोर" भन्नु भएको थियो ।

यस्ता नेता (लेनिन) जन्मेको देश रसिया त्यस्तो देशहरूमध्ये एउटा थियो जहाँ मार्क्सवाद र मार्क्सवादी साहित्य धेरै पहिले सुरूमै फैलियो । वास्तवमा मार्क्सको सैद्धान्तीक कार्य 'क्यापिटल-पुँजी ' अथवा 'दास क्यापिटल'को पहिलो अनुवाद रसियन भाषामा भएको थियो । १८७२मा प्रकाशित एउटा संश्करण ( मुल जर्मन संश्करणको केबल ५ वर्षपछि), जो एउटा प्रशिद्ध जर्नलमा प्रकाशित गरिएको थियो, त्यसले नै राम्रो बजार पाएको थियो र अनगिन्ति सकारात्मक पुनरावलोकन सहितले सफल भएको थियो । यसको प्रभाव यति ठूलो भयो कि १८७३-७४ आउँदा नआउँदै 'पु'जी'बाट सन्दर्भहरू रसियाका ठूलठूला शहर हरूमा क्रान्तिकारी विद्यार्थीका आन्दोलनहरूका प्रचारमा देखिन सूरू भइसकेका थिए । मार्क्सवादी कामका रसियन भाषाका अन्य अनुवादहरूलाई पनि रसियन क्रान्तिकारीहरूद्धारा निकै पहिले देखिनै मार्क्सवादप्रतिको आकर्षण बढाएको थियो । यस्ता क्रान्तिकारीहरूमध्ये एकजना महिला क्रान्तिकारी-भेरा जासुलिक थिइन, जो सेन्ट पिटसूवर्गको गभर्नरको हत्या गर्ने उनको प्रयासका लागि प्रशिद्ध थिइन् । उनले १८८१मा मार्क्ससित पत्राचार गर्न सुरू गरेकी थिइन् जसलाई उनले मार्क्सको मृत्युअघिसम्म पनि निरन्तरता दिइ रहिन । १८८३मा उनी पहिलो रसियन मार्क्सवादी संगठन-जर्ज प्लेखानोवद्धारा नेतृत्व गरिएका 'लेबर मुक्ति समूह'को हिस्सा बनिन । प्लेखानोवले १८८९मा भएको दोस्रो अन्तराष्ट्रियको कांग्रेसमा भाग लिएका थिए, त्यससपछि उनले पहिलो पटक एङ्गेल्ससित भेट गरेका थिए । यो वैठक पछि प्लेखानोवले एङ्गेल्सबाट मार्गनिर्देशन लिने र नजिकको सम्वन्ध कायम राख्ने कामलाई निरन्तरता दिएका थिए ।



रसियामा मार्क्सवादको स्थापना गर्ने काममा प्लेखानोवको प्रमुख भूमिका रहेको छ । उनले मार्क्स र एङ्गेल्सका धेरै कामहरूलाई रसियन भाषामा अनुवाद गरेका थिए र लोकपृय बनाएका थिए । अराजकतावादी, नरोदनिकहरूका किसान समाजवादी विचारहरूसित लडाई गर्दा उनले पनि मार्क्सवादका सैद्धान्तिक योगदानहरू गरेका थिए । रसिया त्यो समयमा जारको निरंकुश शासनमूनी थियो, जसका विरूद्ध त्यहाँका धेरै क्रान्तिकारीहरू र क्रान्तिकारी समूहहरूले उनीहरूका कृयाकलापहरू सुरू गरेका थिए । ती समूहहरूमध्ये धेरैले अराजकतावादीहरू र आतंकवादीहरूप्रति झुकाव राख्ने गर्दथे । प्लेखानोव र 'लेवर मुक्ति समूह'ले मार्क्सवादप्रति एउटा ठूलो पक्षलाई परिवर्तनमा ल्याउन महत्वपूर्ण भूमिका खलेको थियो । लेनिन, जसले पछिल्लो चरणमा यो समूहसित हातेमालो गर्नु भएको थियो, यद्धपि, उहाँ नै एउटा यस्तो उचुस्तरको व्यक्तित्व हुनुहुन्थ्यो, जसले मार्क्सवाद र सर्वहारा आन्दोलनलाई अगाडि बढाएर लैजाने काम गर्नु भयो ।

भ्लादिमिर इल्यिच उल्यानोभको पार्टी नाम लेनिन थियो, जो सिम्बिर्ष्क प्रान्तको राजधानी सिम्बिर्ष्क शहरमा २२ अप्रिल १८७०मा जन्मनु भएको थियो । यो शहर रसियाको सबैभन्दा ठूलो नदी भोल्गामा अवस्थित छ । यद्धपि यो प्रदेशको राजधानी थियो, ता पनि लेनिनको जवानीमा यसको सञ्चार बाहिरी दुनीयाँमा सिमित थियो । त्याहाँ रेलवे थिएन् र भोल्गाको तल र माथि गर्ने एउटा स्टिमर मात्रै यातायातको प्रमुख माध्यम थियो । यो तै पनि लामो जाडोको महिनाहरूमा बन्द हुन्थ्यो, जब नदी जमेर हिंउ बन्दथ्यो र यातायातको साधन घोडाको पिठ्यु बनाइन्थ्यो ।

लेनिनका बाजे निकोलाई उल्यानोभ एक जना रुसी भूदास हुनुहुन्थ्यो, तर लेनिनका पिता एउटा राम्रा शिक्षित पढेलेखेका मानिस हुनुहुन्थ्यो,जसले ज्यादै कठिन परिश्रम गरेर भूदास र गरीब किसानको स्तरबाट शिक्षक, स्कूलहरूका निरिक्षक र अन्त्यमा सिम्ब्रीष्क प्रान्तका प्राथमिक स्कूलका डाइरेक्टर समेत बन्न सक्नु भएको थियो । १८७४मा उहाँलाई नागरिक परिषदको उच्च पद पनि दिइएको थियो । लेनिनको आमा, मारिया अलेक्सान्द्रभ्ना, एकजना ग्रामिण डक्टरकी छोरी हुनुहुन्थ्यो । यद्धपि उहाँ स्कुल जानु भएन । उहाँले घरमै शिक्षा प्राप्त गर्नु भएको थियो र धेरै विदेशी भाषाहरू समेत सिक्नु भएको थियो, जसलाई उहाँले पछि उहाँका बच्चालाई सिकाउनु भयो । उहाँहरूका आठ जना छोराछोरी थिए, जसमध्ये २ जना बच्चामा नै मरेका थिए र एक जना उनको कच्चा उमेरमा मरेकी थिइन् । लेनिन चौथो वच्चा हुनुहुन्थ्यो । सबै उहाँका भाइहरू र बहिनीहरू क्रान्तिकारीहरू भएर बढे ।

लेनिन यद्धपि उहाँका जेठा दाजु एलेकजेण्डरद्धारा ज्यादै प्रभावित हुनुहुन्थ्यो । एलेकजेण्डर एउटा चलाख विद्यार्थी र सेण्ट पिटस्वर्गको विश्वविद्यालयका स्वर्णपदकधारी थिए । सेण्ट पिटस्वर्ग त्यसवेला रूसको राजधानी थियो । उनी सेण्ट पिटस्वर्गमा क्रान्तिकारी युवाको गुप्त क्रान्तिकारी अध्ययन सर्कलहरूका एकजना सदस्य थिए र कामदार हरूका बीचमा राजनीतिक प्रचारप्रसार सञ्चालन गर्दथे । उनी वैचारिक रूपमा नरोद्निकहरू र मार्क्सवादीका बीचमा खडा थिए । १८८७मा एलेकजेण्डर उनको दिदी अन्ना र अन्य कमरेडहरूलाई जारको हत्यागर्ने कोशिस गरेको भनेर गिरफ्तार गरियो । अन्नालाई पछि जेल मुक्त गरियो र सेण्ट पिटस्वर्गबाट निर्वासनमा पठाइयो । एलेकजेण्डर यद्धपि जो त्यो समूहका नेता थिए, उनका अन्य चारजना साथीसहितलाई १८८७ मार्च ८का दिन झुण्डाएर फाँसि दिइयो । लेनिन त्यसवेलामा केबल १७वर्षीय उमेरका हुनुहुन्थ्यो, उहाँका दाजुको मृत्युमा त्यसको बदलालिने कसम खानु भएको थियो ।

लेनिन उहाँको युवा अवस्थादेखि नै एउटा मोडल विद्यार्थी हुनुहुन्थ्यो, जोसित अध्यनको एउटा राम्रो योजनावद्ध तरिका हुन्थ्यो । अन्य विद्यार्थीहरूले झै उहाँले अन्तिम समयमा आफ्ना गृह कार्यहरू तयार पार्ने कहिल्यै गर्नु भएन । त्यसको बदला उहाँले उहाँको अन्तिम मसौदा तयार पार्नुभन्दा पहिले नै सुरू आउटलाइन र मसौदा तयार पार्नु हुन्थ्यो , निरन्तर नोटहरू तयार पार्ने, आवश्यक थपथापहरू परिवर्तनहरू गर्ने । उहाँले हरेक अध्यनलाई एकदमै केन्द्रीकरणको उच्चताका साथ गर्ने गर्नु हुन्थ्यो र जसले उहाँलाई उहाँको अध्यनमा डिस्टर्व गर्दथे, उनीसित कुरा पनि गर्नु हुँदैनथ्यो । उहाँ आफ्नो जेठा दाजुप्रति एकदमै प्रशंसक हुनुहुन्थ्यो र एउटा युवा उमेरमा नै उहाँले गरेका हरेक चीजमा एलेक्जेण्डरको नक्कल गर्ने कोशिस गर्नु हुन्थ्यो । उहाँका दाजुलाई झुण्डाइएको एक महिनापछि, लेनिनले, व्यापक तनाव र दुखको वावजुद,उहाँको स्कूलको परिक्षाका लागि बस्नु पर्ने थियो । तैपनि उहाँले स्कुलको सबैभन्दा राम्रो विद्यार्थीका रूपमा स्वर्ण पदक पाउनु भयो ।

स्वर्णपदक पाएर पनि लेनिनले सेण्ट पिट्सवर्ग विश्वविद्यालयमा नत भर्ना पाउनु भयो न मस्को विश्वविद्यालयमा किनभने उहाँ एकजना प्रख्यात क्रान्तिकारीका भाई हुनुहुन्थ्यो । उहाँले अन्त्यमा कजानको सानो विश्वविद्यालयमा भर्ना पाउनु भयो । उहाँ तैपनि तीन महिनापछि विश्वविद्यालयहरूको स्वयत्तता र विद्यार्थीहरूको स्वतन्त्रतालाई सिमितगर्ने गरि ल्याइएको नयाँ नियमहरूका विरूद्ध एउटा प्रदर्शनमा भाग लिएको हुनाले कजानको शहरबाट निष्काशित गराइनु भयो । प्रहरी अधिकारी जसले उहाँलाई गिरफ्तार गरेर शहरमा लैजादै थियो, उसले जवान लेनिनलाई सम्झाउने कोशिस गर्दै भनेको थियो कि तिमी पर्खालसित टाउको ठोक्दै छौ । लेनिनले त्यसको जवाफमा भन्नु भएको थियो "पर्खाल त हो तर एउटा कुहिएको, जो एक लातमा गल्र्यामगुर्लुम ढल्नेछ ।" दोस्रो वर्ष १८८८मा लेनिनलाई कजानमा फर्कन अनुमति दिइयो तर उहाँलाई विश्वविद्यालयमा पुनः भर्ना दिइएन् । यहि शहर थियो, जहाँ लेनिनले गोप्य मार्क्सवादी अध्ययन सर्कलहरूमध्ये एकमा उपस्थित हुन सुरू गनु भएको थियो ।

यो अवधिमा र पछि जब उहाँको परिवार समाराको अर्को प्रान्त बसाई सरयो, लेनिनले उहाँको समयको ठूलो हिस्सा पढने र अध्ययन गर्नेमा विताउनु भयो । रसियन क्रान्तिकारीहरूका कामहरू पढनुको साथै, लेनिन, १८ वर्षको उमेरमा, मार्क्स र प्लेखानोबका धेरै किताबहरू पढन सुरू गर्नु भयो । उहाँले मार्क्सवाद सम्वन्धी उहाँको ज्ञानलाई प्रथम उहाँकी बहिनी अन्नालाई र अनि उहाँका साथीहरूका स-साना छलफल समूहहरूलाई संगठित गर्दै सुरू गर्नु भयो । उहाँले पौडी खेल्ने, स्केटिंग गर्ने, पाहाड चढने र सिकार खेल्ने क्लासमा पनि भाग लिनु भयो ।

सोही समयमा उहाँकी आमाले उहाँलाई विश्वविद्यालयमा पुनः भर्नाका लागि वारम्वार कोशिस गरि रहनु भयो । उहाँलाई तै पनि कजानमा फेरी पनि इन्कार गरियो । उहाँलाई विदेशमा गएर पढनका लागि एउटा राहादानी दिन पनि इन्कार गरियो । धेरै निवेदनहरूपछि, लेनिनलाई १८९० को अन्त्यमा एउटा वाह्य कानुन विद्यार्थीको रूपमा सेन्ट पिटसूवर्ग विश्वविद्यालयमा भर्नाका लागि स्विकार गरियो । उहाँ लेक्चर क्लास उपस्थित हुने अनुमति नभइकनै परीक्षाका लागि सिधै बस्न सक्नु हुन्थ्यो । लेनिनले उहाँका पहिलेका कजानका साथी विद्यार्थीसितै उही समयमा नै उहाँको कोर्ष सिध्याउने निस्चित गर्नु भएको थियो । उहाँले त्यसकारण स्वअध्यनद्धारा चारवर्से कोर्सलाई एक वर्षभित्रैमा पुरा गरेर देखाइ दिनु भयो । १८९१मा लिइएको परीक्षामा उहाँले सबै विषयहरूमा उच्चतम अंक प्राप्त गर्नु भएको थियो र उहाँलाई प्रथम स्थानको डिग्री दिइयो । जनवरी १८९२मा उहाँलाई कानुनवेत्ताका रूपमा स्विकार गरियो र सामारा क्षेत्रीय अदालतमा उहाँले प्राक्टीस सुरू गर्नु भयो ।

लेनिन यद्यपि उहाँको कानुन प्राक्टीसमा एकदमै कम इच्छा राख्नु हुन्थ्यो । सेन्ट पिटसवर्गमा उहाँको परिक्षा दिँदै गर्दा उहाँले त्यहाँ मार्क्सवादी सम्पर्कहरू विकास गर्नु भएको थियो । र जसद्धारा उहाँलाई मार्क्सवादी साहित्य प्राप्त गर्न सजिलो भएको थियो । सामारामा लेनिनले मजदुरहरू र अरूहरूका गैर कानुनी अध्ययन सर्कलहरूमा लेक्चरहरू दिनका लागि उहाँको समयको ठूलो हिस्सा खर्च गर्नु भएको थियो । सामाराको पहिलो मार्क्सवादी अध्ययन सर्कल पनि उहाँले नै गठन गर्नु भएको थियो । पुराना पार्टी सदस्य ग.मा. क्रझिझानोभस्कीले आफ्नो संस्मरणमा लेखेका थिए-"हाम्रो उत्तरी भेकमा पनि यी असाधारण व्यक्तित्व देखा परे । मार्क्सको प्रतिभाद्धारा प्रतिपादित वैचारिक अस्त्र कति शक्तिशाली हुन सक्छ भन्ने कुरा यस व्यक्तिले जति अरु कसैले बुझेको थिएन । उसका लागि एक मार्क्सवादी सवभन्दा पहिले क्रान्तिकारी हुनुपर्थ्यो ।" लेनिनसित निम्न चार अति महत्वपूर्ण प्रतिभाहरू थिए- (१)मार्क्सवादको गम्भीर अध्ययन, (२) रुसी परिस्थितिमा मार्क्सवादी विचारधारा कसरी प्रयोग गरिनुपर्छ भन्ने ज्ञान, (३) मजदुर संघर्षको अजेयताप्रति दृढ विश्वास, (४) महान् सङ्गठनात्मक प्रतिभा ।

सामारा नरोदनिकको एउटा केन्द्र थियो र लेनिनले उहाँको शक्ति र क्षेमता त्यो समयको नरोदनिक विचारसितको लडाइमा केन्द्रीत गर्नु भयो, जो उदारवादतर्फ गतिशील भएको थियो । उहाँले, त्यही समयमा, १८७०का बहादुर, स्वार्थहिन, नरोदनिक क्रान्तिकारीहरूका लागि उहाँमा महान् आदर थियो, जसमध्ये धेरै जना राजनीतिबाट रिटाएर पछि सामारामा वस्दै आएका थिए । लेनिन सधैभरी उनीहरूबाट उनीहरूका क्रान्तिकारी कामहरू, उनीहरूका गोप्यता सम्वन्धी तरिकाहरू र सोधपुछ र मुद्दाहरूका दौरान क्रान्तिकारीहरूका व्यवहारवारे सिक्न उत्सुक हुनुहुन्थ्यो । यहि सामारामा रहदादेखि नै लेनिनले उहाँको पहिलो लेखहरू लेख्न सुरू गर्नु भयो , जसलाई अध्ययन सर्कलहरूबीचमा वितरण गरिएका थिए । उहाँले रसियन भाषामा कम्युनिष्ट घोषणापत्र पनि अनुवाद गर्नु भएको थियो । लेनिनका कार्यहरू र प्रभाव भोल्गा क्षेत्रका सामारा वाहेक अरू प्रान्तहरूमा फैलिन सुरू गऱ्यो ।

सुस्पष्ट विचारहरूको विकास पछि लेनिनले अनि उहाँका क्रान्तिकारी कामका क्षेत्रलाई व्यापक गराउन चाहानु हुन्थ्यो । यो लक्ष्यका साथ अगस्त १८९३मा उहाँ सेन्ट पिटसवर्गका लागि वसाई सर्नु भयो, जो अत्यधिक सर्वहारा रहेको एउटा प्रमुख औधोगिक शहर थियो । एउटा कभरका रूपमा उहाँले सेन्ट पिटसवर्गको सिनियर वेरिष्टरका लागि एसिष्टेन्ट कानुन वेत्ताका रूपमा काम लिनु भएको थियो । उहाँले यद्धपि धेरै कम कानुनी काम गर्नु भयो र पूर्ण रूपमा क्रान्तिकारी कृयाकलापहरूमा केन्द्रीत गर्नु भयो । लेनिन तुरून्तै सेन्टपिटसवर्गका अनगिन्ति गोप्य अध्ययन केन्द्रहरूलाई नयाँ जीवन ल्याइदिने एउटा नेतृत्वदायी व्यक्तिका रूपमा अगाडि आउनु भयो । उहाँले मस्को सर्कलहरूलाई पनि प्रभावित पार्नु भयो । सर्कलहरूमा लेक्चरहरूको अलवा, उहाँ कामदारहरूको जीवनबारे विस्तृत रूपले सिक्नमा सधैभरी उत्सुक हुनुहुन्थ्यो । सर्कलहरूमा उहाँले क्रान्तिकारीहरूको एउटा ठूलो हिस्सालाई स-साना सर्कलहरूमा गरिने छानिएका प्रचारप्रसार (त्यसवेलाका प्रोपोगन्डा जसलाई अहिले हामीले हाम्रो राजनीतिक शिक्षा कक्षाहरूका रूपमा बुझ्ने गरेझै) लाई मजदुरहरूका व्यापक मासकाबीचमा गरिने मास विद्रोहको आवश्यकता बारे सम्झाउन सक्नु भयो ।

यो त्यही अवधि थियो जुन बेलामा उहाँको भेट उहाँकी भावी श्रीमति क्रुप्सकाया, जो मार्क्सवादसित पहिले नै सम्पर्कमा आइसक्नु भएको थियो , भेट भयो र जसले मजदुरहरूका लागि एउटा रात्री स्कुलमा तलब विना पढाइरहनु भएको थियो । उहाँका धेरै मजदुर विद्यार्थीहरू लेनिनले सञ्चालन गरेको एउटा सामूहिक अध्ययन सर्कलमा भाग थिए । लेनिनले आफै पनि उहाँबाट उहाँको सेन्ट पिटसवर्गका मजदुरहरूको जीवनहरू र कामको अवस्थाबारेको गहिरो ज्ञानबाट सिक्न सधैभरी इच्छुक हुनुहुन्थ्यो । जब लेनिन विरामी हुनु भयो क्रुप्सकायाले उहाँलाई भेटन गई रहनु हुन्थ्यो र उहाँहरूबीचको मित्रता क्रमसःएउटा प्यारमा झागीदै गयो ।

सोही समयमा लेनिनले रसियाका जति सक्यो धेरै शहरहरूमा उहाँको सम्पर्कलाई विस्तार गर्ने कामलाई निरन्तरता दिनु भयो । फरवरी १८९५मा विभिन्न प्रमुख शहरहरूमा रहेका समूहहरूको एउटा बैठकले लेनिन र मस्कोबाट अर्को प्रतिनिधिलाई बाहिर पठाएर 'लेवर समूहको मुक्ति' सित सम्पर्क बढाउनका लागि पठाउने निर्णय गर्नु भयो । लेनिनको पहिलो युरोपको भ्रमण जुन १८९५को अप्रिलदेखि सेप्टेम्वरसम्म भएको थियो । उहाँले यो अवधिभरी 'लेवर समूहको मुक्ति'का नेता प्लेखानोव र अक्जेलरोडलाई भेट्नु भयो र जर्मन र फ्रेन्च कामदार वर्गका संगठनहरूका अन्य नेताहरूलाई पनि भेटनु भयो । उहाँको एङ्गेल्ससित भेट गर्ने गहिरो इच्छा थियो तर सो हुन सकेन किनभने एङ्गेल्स त्यसवेलामा उहाँको मृत्यु सैयामा हुनुहुन्थ्यो ।

उहाँको रसिया फर्काइपछि उहाँले सेण्ट पिटसवर्गका सवै मार्क्सवादी सर्कलहरूलाई एउटै राजनीतिक संगठन जसलाई 'लेवर समूहको मुक्ति'का लागि संघर्षको लिग भनिन्थ्यो, मा एकतावद्ध गराउनु भयो । उक्त लिगले तुरून्तै विरोधस्वरूप शहरका ठूला कारखानाहरूमा हडताललाई संगठित गर्न सुरू गऱ्यो । यसले कामदारहरूको एउटा गैर कानुनी पत्रिका प्रकाशित गर्ने योजना बनायो । गुप्त पुलिस जसले लेनिनमाथि निगरानी राखीरहेका थिए अन्त्यमा एकजना सुचनादाताको मद्दतले प्रमाणसहित उहाँलाई गिरफ्तार गर्न सफल भयो । उहाँलाई डिसेम्वर १८९५मा अवैधानिक पत्रिकाको पहिलो अंकको हस्तलिखित सहित पक्डीयो र जेलमा पठाइयो ।

(क्रमशः...)

# क्रान्तिकारी युवा लिगको बृहत जागरण तथा युवा मार्चपासका केही दृश्यहरू













## मोदी...

भने । जनताले आधार कार्ड प्रहरीलाई उपलब्ध गराएपछि उनीहरूले ती लासहरू चिन्न र चिनाउन पर्छ भनेर करबल गरे । तर इन्द्रावतीको पानीमा फुलेर र शरीर अङ्गभङ्ग भएका कारण तिनले ती लास चिन्न सकेनन् । गाउँलेहरूलाई अहिले पनि प्रहरी हेडक्वार्टमा राखेर अनावश्यक डरत्रास देखाउने काम गरिएको छ । चिनिएका लासको पनि पोस्टमार्टम गर्नुपर्ने तथा डिएनए परीक्षण गर्नुपर्ने भनेर परिवारलाई दिइएको छैन । विहान भोजबाट फर्किंदै गरेका युवायुवतीमाथि नक्सली भनेर पुलिसले अन्धाधुन्ध गोली चलाएको हो भन्ने भनाइ गाउँलेको छ ।

बिहेमा गएर घर नफर्केका गट्टेपल्ली गाउँका युवायुवतीहरूमा १. मङ्गेस बुकुलु आत्राम, २. रासो पोछा मण्डावी, ३.अङ्कित देवु गावडे, ४.बुज्जु उसेन्डी, ५.इरपा मण्डावी, ६.मङ्गेस चुन्डु मण्डावी, ७.रासो मण्डावी र ८ नुसे पेदु मण्डावी रहेका छन् ।

एकजना मान्छेले नाम नभन्ने सर्तमा भने– 'माओवादीहरूसित उता पर भिडन्त भएको भए पनि भिडन्तपछि माओवादीहरू सो स्थानबाट हिँडेपछि पुलिस उनीहरूलाई खोज्दै आएको र विवाहको जमघटलाई नै माओवादीहरूको जमघट ठानेर अन्धाधुन्ध गोली चलाएको हो । यसमा धेरजसो निर्दोष गाउँले थिए ।'

यस घटनालाई कतिपय सञ्चारमाध्यमहरूले मुठभेडमा टप लिडरसहित ठूलो संख्यामा नक्सलीहरू मारिएको भनेर खुबै हल्ला गरे । टप लिडर मारिएको समाचार प्रकाशित गर्न माध्यमहरूमा होडबाजी चल्यो । तर कसैले पनि, कुनै मिडियाले पनि कसरी यत्रो जना मारिए र त्यसमा आदिवासी पनि मारिए भन्ने कुराको खोजबिन गर्न चासो राखेनन् । जो जो भागे भागे, भाग्न सफल नभएका गाउँलेलाई घेराबन्दी गरेर मारियो । कोही भाग्दा मारिए र कोही घाइते भएर पछि मरे । त्यसै भएकाले पछिसम्म लास भेटिएको हो । अहिलेसम्म ३९ जनाको लास भेटिएको छ ।

एउटा गाउँबाट बिहामा आठ जना युवायुवतीहरू मारिएभैँ, छिमेकी अन्य गाउँबाट पनि त मान्छेहरू बिहा भोजमा गएका थिए होलान भन्ने प्रश्न छ । यसै भएकाले कथित मुठभेडको स्वतन्त्र जाँचको प्रसङ्ग उठ्नु स्वाभाविक छ र क्रान्तिकारी कवि वरवर रावसहित अन्य मानवअधिकारवादी संस्थाले उठाएको माग जायज छ ।

अहिले पनि जनतामा आतङ्क फैलाउन र प्रहरीको सफलता देखाउने नाममा प्रहरीले सुकमा, छत्तिसगढमा यति जना नक्सली मारिए, बस्तरमा यति जना मारिए भनेर प्रचार गरिरहेको छ र सरकारी माध्यमहरू समाचारलाई बढाईचढाई गरेर इन्दावतीमा नक्सलीका थप लासहरू फेटिए भनेर हल्ला गरिरहेका छन् ।

खबर के पनि छ भने घटनासित सम्बद्ध गाउँ र छिमेकी गाउँहरूमा आतङ्क भय, र पीडाको वातावरण छ । मान्छेहरू घर फर्केका छैन्न्, र कसका घरका कति जना सदस्य मारिए टुङ्गो छैन । बाहिरबाट आएका व्यक्तिहरू जो भए पनि कुनै पनि कुरा नभन्नु र भनेमा सिध्याइदिने भनेर पुलिसले धम्की दिएका छन् । छेउछाउका गाउँका थुप्रै गाउँलेहरू बेपत्ता भएका समचार आइरहेका छन् । गटटेपल्लीका साथै मन्ने राजाराम गाउँका युवायुवतीहरू पनि गायब भएको समाचार आएका छन् ।

आश्चर्यको विषय के छ भने पुलिसले जसलाई माओवादी भनेर हत्या गरेको छ, उनीहरू माओवादी भएको भन्ने कुनै पनि रेकर्ड्ड, वारन्ट अथवा मुद्दा उनीहरूका नाममा छैन । यसकारण यो घटनामा गम्भीर षड्यन्त्रको गन्ध आउँछ । आफ्नो अपराध ढाक्न र त्यस क्षेत्रलाई आफूअनुकूल चलाउन नक्कली कथा बुनेर मुठभेडका नाममा प्रहरीले गाउँलेलाई नक्सलीहरूसित जोडन लागेको त होइन ? भनेर प्रश्न गर्नुपर्ने स्थिति छ ।

यसैबीच, उक्त घटनालाई लिएर विश्वका माओवादी सङ्गठनहरू, क्रान्तिकारी बुद्धिजीवीहरू र मानवअधिकारवादी सङ्घसंसथाहरूले तीव्र निन्दा तथा भ्रर्त्सना गरेका छन् । यसै क्रममा विभिन्न सञ्चारमाध्यमहरूले सोधेको प्रश्नको जवाफमा भारतीय क्रान्तिकारी कवि तथा माओवादी विचारक वरवर रावले 'सो घटना भारतीय प्रतिक्रियावादले भारतका आदिवासी जनतामाथि चलाएको युद्ध हो' भनेर त्यसको स्वतन्त्र छानबिन र जाँचको माग गरेका छन् ।

## क्रान्तिकारी...

सुर्खेत जिल्लाको प्रशिक्षण पनि सम्पन्न भएको छ । प्राप्त समाचार अनुसार पार्टी प्रवक्ता प्रतीकको प्रमुख आतिथ्यतामा सम्पन्न प्रशिक्षण कार्यक्रममा पार्टी केस चक्रपाणी शर्मा, कृष्ण गुरुङका लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# मानव तस्करहरूलाई यथाशिघ्र कार्वाही गर्न माग

काठमाण्डौ । एशिया मानव अधिकार तथा साँस्कृतिक विकास मञ्चले मोटो रकम लिई विदेश पठाउने मानव तस्करहरूलाई यथाशिघ्र कार्वाही गर्नु पर्ने माग गरको छ । बैसाख १२ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा मञ्चका जापान प्रतिनिधि मानबहादुर थापाले ज्ञापन पत्र बुझाउँदै जापान जाने नेपालीहरूलाई विचौलियाहरूले झुठा आश्वासन र प्रलोभनहरू देखाई मनलाग्दी रूपमा पैसा उठाइरहेको दाबी गरिएको छ ।

ज्ञापनपत्रमा आर्थिक र शारीरिक शोषणमा परेका पिडितहरूलाई उचित क्षेतिपुर्तिको व्यवस्था, 'जिट्को' व्यवस्थाको पुनरावलोकन गरी द्विपक्षीय श्रम सम्झौता गरिनु पर्ने, व्यवहारिक तथा बैज्ञानिक रोजगारी अनुमति प्रणाली तथा स्वदेशमै रोजगरीको सृजना गर्न ठोस कदम चाल्न पनि माग गरिएको छ ।

विचौलीयाहरूले जापानमा पढ्न जाने विद्यार्थी, कामदारहरू, आश्रित भएर जानेहरूबाट १० देखि १८ लाखसम्म पैसा उठाउने गरेको पाइन्छ । जबकी कानुनतः जापानमा प्रवेषाज्ञा पाउनको लागि चार हजार जापानी येन अर्थात त्यति नै बराबरको नेपाली रूपैंया भए पुग्छ । यसकारणले जापान जाने अधिकांश नेपालीहरू जसरी भएपनि पैसा कमाउनु पर्ने बाध्यताले गर्दा मानसिक र शारीरिक रूपमा अस्वस्थ भई आत्महत्यासम्म पनि गर्ने गरेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

नेपाल र जापान सरकार वीच श्रम सम्झौताको अभावमा यसरी मानव तस्कर, विचौलियाहरूले लुट मच्चाइरहेको एकातर्फ छ भने अर्कोतिर जापान पुगेकाहरूको पनि असुरक्षा त्यत्तिकै भएकोले आवश्यक नीति र कानुनको व्यवस्था बनाउनु पर्ने मञ्चले जोडले दिएको छ ।

## नेपाली...

गर्दछ । नेपालमा सामन्त वर्ग कमजोर बनेको छ तर अझ समाप्त भइसकेको छैन । त्यसले यदा कदा देशभक्तिको कुरा गरेपनि सारत : दलाल तथा नोकरशाही पुँजीपति वर्गसित घाँटी नजोडिकन र वैदेशिक प्रतिक्रियावादका सामु लम्पसार नपरिकन आफ्नो अस्तित्व धान्न सक्तैन ।

वैदेशिक प्रतिक्रियावाद अन्तर्गत साम्रज्यवाद र विस्तारवाद पर्दछन् । यिनले वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक हरेक दृष्टिले नेपाल र नेपाली जनताको उत्पीडन गर्दै आएका छन् । सुगौलीसन्धि देखि २००७ सालसम्म ब्रिटिश साम्राज्यवाद, त्यसयता भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले नेपाललाई शोषण, उत्पीडन तथा दोहन गर्दै आएका छन् । अहिले भारतीय विस्तारवाद नै नेपाली जनताको प्रमुख वाह्य दुश्मन बन्न गएको छ ।

आज नेपाल र नेपाली जनताको शोषण उत्पीडन गर्ने काममा स्वदेशी र विदेशी दुवै थरी वर्गदुश्मनका बीच बलियो गठबन्धन र लगनगाँठो कसिएको छ । स्वदेशी वर्गदश्मन, विदेशी वर्ग दुश्मनविना बाँच्न सक्तैन्न र विदेशी वर्गदुश्मन स्वदेशी वर्गदुश्मनविना बाँच्न सक्तैनन् । यस तथ्यलाई हामीले राम्रोसित बुझ्न जरुरी छ ।

स्वदेशी वर्ग दुश्मन को हुन् त ? अहिलेसम्म जुन जुन वर्ग एवम् राजनीतिक शक्तिले देशको राज्यसत्ता तथा शासन सत्तामा हाली मुहाली गर्दै आएका छन् र जजसले देशका नदीनाला, जडिबुटीसहित समस्त प्राकृतिक एवम् मानवीय स्रोत साधन बाह्य वर्ग दुश्मनलाई सुम्पने र देश लुटिदा, चुसिदा तथा सिमा मिचिदा वपन मौन रहेर आफ्ना मालिकहरूको चाकरी गर्न प्रतिस्पर्धी बन्दै आएका छन्, तिनै स्वदेशी वर्ग दुश्मन हुन् । तिनले देश, जनता, प्रजातन्त्र, लोकतन्त्र र साम्यवादसम्मको पनि नाम जोडेर देश, जनता, लोकवर्ग र साम्यवादमाथि गम्भीर विश्वास घात गरेका छन् । तिनलाई हामीले राम्रोसित ठम्याउन जरुरी छ ।

**३– दक्षिणपन्थी संशोधनवादलाई बुझ्ने समस्या :**

मार्क्सवादका आधारभूत प्रस्थापनको संशोधन गर्नु संशोधनवाद हो । मार्क्सवादका आधारभूत प्रस्थापना यी हुन्– द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, वर्गसंघर्ष, क्रान्तिमा बलप्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व र वर्ग तथा राज्यविहीन साम्यवादी समाजको निर्माणसहित सम्पूर्ण मानव जातिको मुक्ति । संशोधनवादले मार्क्सवादका यी सबै प्रस्थापनाहरूको तोडमरोड तथा संशोधन गर्दछ । संशोधनवाद उग्र, मध्य तथा दक्षिण पन्थका रूपमा प्रकट हुने गर्दछ र अन्ततः त्यो दक्षिणपन्थी संशोधनवादमा परिणत हुन्छ ।

विश्वमा र नेपालमा पनि संशोधनवाद वर्गसमन्वयवाद, संसदवाद, शान्तिपूर्ण संक्रमण, निर्वर्गीय जनवाद, अन्धराष्ट्रवाद, मन्त्रीमण्डलवाद, अर्थवाद, विसर्जनवाद, वर्गीय तथा राष्ट्रिय आत्मसमर्पणवादको रूपमा देखा पर्दै आएको छ । प्रतिक्रियावादी वर्गसित राज्यसत्तामा रहेसम्म र स्वयम् प्रतिक्रियावादमा परिणत हुनुलाई त्यसले आफू गौरान्वित भएको ठान्दछ । नेपाली र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एउटा ठूलो हिस्सा यस्तै पतन र गद्दारीको आहालमा डुब्दै आएको छ । अरुको कुरा छाडौं, दशवर्षको जनयुद्धको नेतृत्व गर्दै अएको एउटा ठूलो हिस्साले पनि यही नियति भोग्दै आएको छ ।

त्यसैले आज हामीले प्रतिक्रियावादी वर्ग वा वर्ग दुश्मन मात्र होइन, कम्युनिष्ट आन्दोलनको इतिहासको एउटा कालखण्डमा सँग सँगै बसेर तथा संगसँगै संघर्ष गरेर आएका आफ्नै बन्धुवान्धवहरूको प्रतिक्रियावादीकरण र कित्ता परिवर्तनलाई पनि राम्रोसित बुझ्न जरुरी छ ।

**४– आफ्नै वर्गमित्रहरूलाई बुझ्ने समस्या**

नयाँ जनवादी क्रान्तिको वर्तमान चरणमा मजदुरदेखि मध्यम किसानसहितका सबै निम्न पुँजीपतिवर्ग हाम्रा मित्र शक्ति हुन् । राष्ट्रिय पुँजीपतिवर्ग ढुलमुल चरित्रको रहिआए पनि त्यो सम्मलाई हामीले आफ्नो पार्टीमा ल्याउनु पर्दछ । महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लीम, पिछडिएको क्षेत्रसहितका जनसमुदाय हाम्रा मित्र हुन् । सर्वहारावर्ग क्रान्तिको नेतृत्वदायी शक्ति हो ।

सिंगो देशको विशाल बहुसंख्या निम्न पुँजीपतिवर्गको छ र यो वर्ग क्रान्तिको मित्र शक्ति हो । क्रान्तिका निम्ति यस प्रकारको मित्र शक्तिलाई वर्ग सचेत, क्रियाशिल र एकताबद्ध तुल्याउन अनिवार्य रूपमा आवश्यक हुन्छ । यस वर्गको सहयोगविना सर्वहारा वर्ग एक्लैले क्रान्ति सम्पन्न गर्न सक्तैन ।

हाम्रा वर्गमित्रहरूको ठूलो हिस्सा निम्न पुँजीपतिहरूको रहेको छ । यो वर्ग एकातिर वर्गदुश्मनद्वारा शोषित, उत्पीडित तथा अपहेलित छ भने अर्कोतिर यसमा वर्गोत्थानको प्रवृत्ति पनि हुन्छ । यस वर्गको धरातल लघु उत्पादन हो । यो वर्ग उभारको बेला अगाडि बढ्ने र उतारको बोला पछाडि हट्ने पनि गर्दछ । यसमा एकातिर क्रान्तिकारी जोश तथा उत्साह हुन्छ भने अर्कोतिर ढुलमुलपन तथा निराशा पनि पाइने गर्दछ । तर अन्ततः र समग्रमा यो वर्ग क्रान्तिकारी हुन्छ । हामीले यस वर्गलाई जागरित तथा वर्गसचेत बनाउँदै जानु आवश्यक छ ।

क्रान्तिका लागि सबैभन्दा सुयोग्य वर्ग सर्वहारा वर्ग हो । यही नै क्रान्तिको असली नेता तथा निर्णायक शक्ति हो । हामी यसै वर्गमा भर पर्नु पर्दछ । यो वर्ग क्रान्तिको भौतिक इतिहास हो । र यसलाई मालेमावादको वैचारिक हतियारले समृद्ध तुल्याउनु पर्दछ ।

**५– क्रान्तिमा युवा शक्तिको दायित्व**

युवा शक्ति उर्जाशिल, क्रियाशिल र जीवनशक्तिले समृद्ध रहेको हुन्छ । माओका शब्दमा युवा शक्ति विहानीपखको सूर्य हो । युवा शक्ति नै देश, जनता र सिंगो संसारकै भाग्य र भविष्यको असली निर्माता हो र अभियन्ता पनि हो । आज देश, जनता र नेपाली क्रान्तिले युवा शक्तिबाट धेरै कुराको आशा, अपेक्षा र माग गरेका छन् । आज इतिहासले युवाहरूका अगाडि विशेष दायित्व सुम्पेको छ ।

युवाहरूले देश तथा जनताको मुक्ति र साम्यवादको उज्ज्वल तथा उदात्त भविष्य निर्माणका लागि निम्न विषयमा विशेष जोड दिन जरुरी छ स

**पहिलो** : मार्क्सवाद-लेनिनवाद-माओवादको अवलम्बन । क्रान्तिको लागि क्रान्तिकारी सिद्धान्त अनिवार्य रूपमा आवश्यक हुन्छ । आजको युगमा मार्क्सवाद-लेनिनवाद-माओवाद नै क्रान्तिको पथप्रदर्शकको सिद्धान्त हो । हामीले यस सिद्धान्तको अध्ययन तथा यसलाई आत्मसात गर्न, यसको रक्षा, प्रयोग तथा विकासमा जोड दिन आवश्यक छ ।

**दोस्रो** : क्रान्तिकारी कार्यदिशाको अवलम्बन तथा कार्यान्वयन । क्रान्तिका लागि क्रान्तिकारी कार्यदिशाको अवलम्बन र कार्यान्वयन आवश्यक हुन्छ । वर्तमान नेपाली क्रान्तिको राजनीतिक कार्यदिशा नयाँ जनवादी क्रान्तिको कार्यदिशा हो । त्यसै गरी नेपाली क्रान्तिको फौजी कार्यदिशा नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा हो । हामीले यस प्रकारको कार्यदिशालाई एकातिर दृढतापूर्वक अवलम्बन गरी कार्यान्वयन गर्नु पर्दछ भने अर्कोतिर त्यसलाई परिमार्जित तथा विकसित तुल्याउँदै जान जरुरी छ । यस कार्यमा युवाहरूको विशेष भूमिका निर्वाह गर्न जरुरी छ ।

**तेस्रो** : वर्गदुश्मन तथा संशोधनवादप्रति घृणा । क्रान्तिका निम्ति वर्गदुश्मन तथा संशोधनवादप्रति तीव्र घृणा अनिवार्य रूपमा आवश्यक हुन्छ । क्रान्ति वर्गदुश्मनमाथि विजयी प्राप्त गरेरै हुन सक्तछ । र, यस दिशामा दक्षिणपन्थी संशोधनवादले ठूलो धोका दिँदै जनताप्रति विश्वासघात, वर्गदुश्मनको दलाली र क्रान्तिप्रति गद्दारी गर्दै आएको छ । तसर्थ, हामीले वर्गदुश्मन मात्र होइन, दक्षिणपन्थी संशोधनवादप्रति तीव्र घृणा गर्नु पर्दछ ।

**चौथो** : वर्गमित्र, देश तथा जनताप्रति प्रेमभाव । वर्गसमाजमा वर्गचेतना सशक्त रूपमा मुखरित भएको हुन्छ । सर्वहारा वर्गीय उच्च चेतनाको जगमा वर्गमित्र, देश तथा जनताप्रतिको प्रेमको भावना जागरित हुन पुग्दछ । वर्गदुश्मनले आफ्नै वर्गलाई माया गर्दछ । दक्षिणपन्थी संशोधनवादीहरूले जनता तथा वर्गमित्रमा अविश्वास र वर्गदुश्मनप्रति विश्वास गर्दछन् । त्यसको ठीक उल्टो हामीले वर्गमित्र, देश तथा जनताप्रति प्रेम गर्नु पर्दछ ।

**पाँचौं** : अनुशासित, जुझारु र क्रान्तिकारी आशावादले समृद्ध बन्नुपर्ने आवश्यकता । क्रान्तिका लागि अनुशासित बन्न जरुरी छ । अनुशासनको प्रश्न जनवादी केन्द्रीयतासित जोडिएको छ । जनवाद र केन्द्रीयताबीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । जनवादले केन्द्रीयता र केन्द्रीयताले जनवादलाई टेवा पुऱ्याउँदै अन्ततः अनुशासनको प्रश्नमा विशेष जोड दिनु पर्दछ । यस अतिरिक्त हामी स्वयम् जुझारु बन्न र संगठनलाई जुझारु बनाउन अति जरुरी छ । वर्गदुश्मन र जाली फटाहाहरूको विरोधमा हामीले आफूलाई एउटा लडाकू शक्तिका रूपमा विकसित तुल्याउनु पर्दछ । आफू स्वयम् र संगठनलाई अनुशासित तथा जुझारु बनाउनका लागि हामी क्रान्तिकारी आशावादले समृद्ध बन्न जरुरी छ । अहिले दुश्मन र अवसरवादीहरू बलिया जस्ता देखिए पनि ती मरणशील आवस्थामा छन् र जनता तथा क्रान्तिकारीहरू कमजोर देखिए पनि अन्ततः ती जीवनशील शक्ति हुन् । द्वन्द्ववादले हामीलाई यही कुरा सिकाउँछ ।

**छैठौं** : दुनियाँ बुझ्ने र बदल्ने प्रश्न । मार्क्सवादी दर्शनको मूल विषय दुनियाँ बुझ्ने र मुख्यतः बदल्ने प्रश्नसित जोडिएको छ । हामीले क्रान्तिमा समस्याहरूको पहिचान गर्न, वर्गदुश्मन तथा दक्षिणपन्थीहरूलाई बुझ्न र आफ्नो वर्गमित्रहरूलाई ठम्याउन अति जरुरी छ । तर, कुरा यो मात्र होइन । मुख्य कुरा क्रान्तिको योजना बनाई तथा आवश्यक तयारी गरी जनताको जनवादी राज्यसत्ता स्थापित गरी समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्ने, दक्षिणपन्थी संशोधनवादलाई नांगेझार पार्ने, सिंगो मित्रशक्तिसहित स्वयम्लाई रूपान्तरण गर्दै देश र विश्वलाई नै बदल्ने महान ऐतिहासिक अभियानमा संलग्न हुनु हो ।

**६– उपसंहार :**

क्रान्तिले युवाहरूसित धेरै अपेक्षा गरेको छ । युवाहरूले क्रान्तिका निम्ति विचारधारात्मक, राजनीतिक तथा सांगठानिक क्षेत्रमा आगामी दिनमा महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । असली अर्थमा क्रान्तिकारी युवाहरू नै तीन जादुगरी हतियारका आधार स्तम्भ हुन् । उनीहरू नै क्रान्तिका उत्तराधिकारी हुन् ।

आफ्नो ऐतिहासिक दायित्व र भूमिकालाई सशक्त रूपमा अगाडि बढाउनका लागि मार्क्सवाद-लेनिनवाद-माओवादलाई, नेपाली सामाजिक जीवन र विश्वकै बारेमा अध्ययनलाई बढाउने, सांगठानिक तथा संघर्ष सम्बन्धी काममा निरन्तर क्रियाशिल बन्ने र देश तथा जनताको सेवा गर्ने काममा क्रान्तिकारी युवा कमरेडहरू विशेष गम्भीर बन्नुपर्दछ ।

## यूरोपियन...

प्रधानमन्त्री हुनसाथ जनजाति प्रतिष्ठान खारेज नै गरिदिए । अहिले यूरोपियन युनियन मिसनले निर्वाचन आयोगलाई दिएको सुझावमध्ये खस-आर्यको आरक्षण अन्तर्राष्ट्रिय मापदण्ड विपरित रहेको भन्दा ओली सरकारले दुरासयपूर्ण कोकोहोलो मच्चाउनु पर्ने कारण नै छैन । ई.यू.ले दिएको सुझावको सकरात्मक र नकरात्मक पाटोको अध्ययन गरेर के ठीक के बेठिक बुझ्नु पर्नेमा उल्टै प्रतिवादी झगडीया बनेकोछ, विनाशकालः विपरित बुद्दी !

ने.क.पा. (क्रान्तिकारी माओवादी) ले यो संविधानलाई प्रतिगामी मानेको छ । यो संविधान दलाल तथा नोकर शाहीपुँजीपति एवं सामन्तवर्ग तथा तिनको राज्यसत्ताको पक्षमा छ र आम जनसमुदायको विपक्षमा छ । आम जनसमुदाय अन्तर्गत मजदुर, किसान, निम्नपुँजीपति, राष्ट्रिय पुजीपति र महिला, दलित, आदिवासीजनजाति, मधेसी, मुस्लिम तथा पिछडिएको क्षेत्रसहित सबै उत्पीडित समुदाय पर्दछन् । यो संविधान लामो समयदेखि उत्पीडित रहिआएका आदिवासीजनजाति, मधेसी तथा पिछडिएका क्षेत्रका जनसमुदायको विपक्षमा छ । तसर्थ हाम्रो पार्टीले उचित भनेकोछ कि लामो समयदेखि उत्पीडित रहिआएका आदिवासीजनजाति, मधेसी तथा पिछडिएका क्षेत्रका जनसमुदायलाई आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहीत जातीय तथा क्षेत्रीय स्वायत्तता, समावेशी समानुपातिक प्रतिनिधित्व, उत्पीडित जातीय पहिचान सहीतको संघीयतालाई स्थापित गरिनु पर्दछ । त्यस निम्ति आन्तरीक रूपमा सामन्ती ब्राहमणबाद र बाह्य रूपमा साम्राज्यबाद र विस्तारवादको विरोध गर्नु पर्दछ । उत्पीडित जनसमुदाय र मजदुर वर्गका वीच सुदृढ एकता कायम गर्नु पर्दछ । निर्वाचनमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्छ । (राष्ट्रिय सम्मेलनको राजनीतिक दस्तावेन २०७४)। पूर्णसमानुपातिक निर्वाचन प्रणाली भनेको जातीय जनसंख्याको आधारमा प्रतिनिधित्व हो । त्यस प्रणालीमा गएपछि आरक्षण चाहिँदैन ।

५) हाम्रो पार्टीको नीतिअनुसार पनि नेपालको नयाँ संविधानले ब्याख्या गरेको खस-आर्य उत्पीडित जनसमुदायभित्र पर्दैन र त्यस प्रकारको आरक्षणको पक्षमा वकालत गर्ने ओलीएण्ड कम्पनिको कोकोहोलो दुरासययुक्त छ र त्यसैले विरोधभागी छ । हाम्रो पार्टीले सामन्तवादी, साम्राज्यवादी र विस्तारवादीनीतिको विरोध गर्दै आएको छ तर खण्डित रूपमा होइन । आफ्नो स्वार्थमा आधरित भएर होइन बरु समग्रतामा त्यसको सकरात्मक र नकरात्मक पक्षलाई केलाएर । यसै अर्थमा ई.यू. को सुझावलाई पनि ग्रहण गरिनु पर्दछ ।२०७४/१२/१३

## ओली...

फलाकेर जनतालाई भ्रमित तुल्याउने ?' ओली सरकारबाट विकास र समृद्धिको अपेक्षा राख्नु जनताको मुर्खता हुने पनि महासचिव किरणले बताउनु भयो ।

ओली नेतृत्वको सरकारलाई वामपन्थी र कम्युनिष्ट सरकार भनेर ठूलो भ्रम छरिएको भन्दै महासचिव किरणले 'सारतत्वमा यो सरकार वामपन्थी, कम्युनिष्टको सरकार होइन । प्रतिक्रियावादी वर्ग अर्थात् सामन्त, दलाल तथा नोकरशाही पुँजीपतिवर्गको रक्षाकवच हो ।' भन्नुभयो ।

मार्चपासलाई सम्बोधन गर्दै महासचिव किरणले संसदीय व्यवस्थाका विरुद्ध भएको झापा विद्रोह र दशवर्षे महान जनयुद्धमाथि गम्भीर विश्वासघात गरी त्यही पुरानो सडेगलेको संसदीय व्यवस्था पुनर्जीर्वित गराउन र त्यसैलाई संस्थागत गर्न नेतृत्वदायी भूमिका खेलेकोले एमाले र माकेलाई झापा विद्रोह र जनयुद्धको बारेमा बोल्ने कुनै अधिकार नभएको दावी प्रस्तुत गर्नुभयो ।


उहाँले भन्नुभयो, 'एमालेले झापा विद्रोहमाथि र माकेले महान जनयुद्धमाथि गम्भीर विश्वासघात गऱ्यो । अब एमालेलाई झापा विद्रोह र माकेलाई महान जनयुद्धको बारेमा कुरा गर्ने कुनै अधिकार छैन । झापा विद्रोह र महान जनयुद्धका सच्चा उत्तराधिकारी हामी हौं । अब ००७ सालदेखि थाँती रहेको नयाँ जनवादी क्रान्तिको झण्डा हामी उठाउँछौं ।'

अहिले देश र जनताले यो सडेगलेको संसदीय व्यवस्थाको विकल्प खोजेको छ भन्दै महासचिव किरणले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विकराल समस्याहरूको समाधानका निम्ति नयाँ जनवादी क्रान्ति अपरिहार्य रहेको चर्चा गर्नुभयो ।

वैचारिक, राजनीतिक, सांगठानिक र प्राविधिक तयारीका साथ नयाँ जनवादी क्रान्तिको प्रक्रिया अगाडि बढाउन क्रान्तिकारी युवाहरू अगाडि बढ्नुपर्ने आवश्यकता औल्याउँदै महासचिव किरणले 'युवाहरूले कार्लमार्क्सले भनेझै व्यक्तिगत सुखसुविधा त्यागेर देश र जनता तथा समाज रूपान्तरणका निम्ति गौरवपूर्ण जीवन रोज्नुपर्दछ र आवश्यक परे देश र जनताको निम्ति महान बलिदान दिन सक्ने त्यो महान बाटो हिड्न तयार हुनुपर्दछ' भन्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी स्थायी समिति सदस्य रामसिंह श्रीसले नयाँ जनवादी क्रान्तिको युगीन जिम्मेवारी युवाहरूको काँधमा आएको भन्दै क्रान्तिकारी युवाहरू विवेक र साहसका साथ अगाडि बढ्नुपर्ने विचार राख्नुभयो । युवाहरूको मार्चपासले प्रतिक्रियावादी र अवसरवादीहरूलाई ठूलो खबरदारी गरेको भन्दै नेता श्रीसले विश्वभर छरिएर रहेका युवाहरूलाई नयाँ जनवादी क्रान्तिमा गोलबन्द गरेर लैजानुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा क्रान्तिकारी युवा लिग, नेपालका अध्यक्ष अमीर महर्जन' आकाश'ले एक करोड युवा विदेशमा रहेको भन्दै देशलाई घरेलु र वैदेशिक प्रतिक्रियावादी वर्गबाट मुक्त गरी गरिखाने श्रमजीवी जनताको देशमा बदल्नका निम्ति देश विदेशमा रहेका सबै नेपाली युवाहरूले नयाँ जनवादी क्रान्तिको झण्डा उचाल्ने बेला आएको विचार राख्नुभयो । उहाँले युवाहरूलाई विदेशमा होइन स्वदेशमा नै आफ्नो भविष्य खोज्न आव्हान गर्दै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान गर्ने गम्भीर अभिभारा युवाहरूको काँधमा आएको चर्चा गर्नुभयो ।



वैशाख ११ देखि १७ गतेसम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## समुद्र तरेर किनारमा किचकिच

**बैशाख ११ गते ।** नेपाली नेताहरूमाथि धर्मपरिवर्तमा सकृय रहेको आरोप लागिरहेका बेला प्रधानमन्त्रीको कार्यालयले 'यदि कसैले लोभ लालच वा जर्वजस्ती धर्म परिवर्तन गर्न लगाएको पाइएमा विदेशी रहेछ भने देश । निकाला गरिने र स्वदेशी रहेछ भने हदैसम्मको सजायँ दिने' सूचना जारी गरेर नयाँ कामको थालनी गरेकोमा धन्यवाद दिनैपर्छ तर कथनी र करनीमा फरक फरक व्यवहार हुने देशमा बोलिको विश्वास गर्न भने मुस्किल नै भएको छ ।

**बैशाख १२ गते ।** यातायात व्यवसायिहरूले नेपाल सरकारका विगतका कारिन्दाहरूलाई व्याधाले बोको डोऱ्याए झैं डोऱ्याएर आफूखुसी कारोवार गरेको र यात्रुहरूलाई रैति बनाएर रकम असुल गरिरहेकोमा यो पटकको सरकाले यातायात व्यवसायिलाई नै डोऱ्याउँने हिम्मत देखाएकोमा यात्रुहरू मख्ख भएका छन् । यो मख्खतालाई निरन्तरता दिन सक्यो भने सरकारले केही गर्छ कि भन्न सकिने भएको छ । रेल बिभागका महानिर्देशक अनन्त आचार्यले, 'नेपालमा चीन र भारतको जति धेरै प्रतिस्पर्धा भयो उति चाडो नेपालमा रेल' भनेछन् । यस्तो भन्न एउटा सहसचिव स्तरको निजामती कर्मचारीले मिल्छ कि मिल्दैन ? कर्मचारीहरूले तोलमोल र वोल भन्ने सिद्धान्तलाई लागु गर्नु पर्ने होइन र ?

**बैशाख १३ गते ।** चारैतिर 'एमाले–माके बिच चाँडै एकता होस्' । भनिरहेका वेला एमाले–माके भने समुद्र तरेर किनारमा कचकच गरिरहेको देख्ता कतै यिनीहरूलाई कुनै तत्वले चलाइरहेको त छैन ? भन्दा कसो होला ?

**बैशाख १४ गते ।** तीन महिनामा खर्बभन्दा बढी पेट्रोलियम पदार्थ भारतबाट ल्याउँने देशले दैनिक पाँच खर्ब लिटर पानी सित्तै भारत बगेर जाँदा पनि मुआव्जा माग्न नेपाल सरकार सक्तैन । प्रतिलिटर १ पैसामात्रै रोयाल्टी पाइने हो भने नेपाल कहाँपुग्थ्यो होला ?

**बैशाख १५ गते ।** यो साँसद कोषको सोच कसले ल्याएको हो ? आफ्नो निर्वाचन क्षेत्रमा रकम छुट्याएर विकास गर्न पल्किएका साँसदहरूले रकम कुल्याएर कार्यकर्तालाई साइकल किनेर दिने साँसदलाई किन पैसा दिने ? एकपटक सोच्ने हो कि ?


**बैशाख १६ गते ।** पूर्व प्रधान न्यायाधिश गोपाल पराजुली फटाहा नै साबित भएका छन् । उनले उमेर ढाँटेर झण्डै एकवर्ष बढी न्यायालयमा रजाइं गरेको सर्वोच्च अदालतबाटै प्रमाणित भएको छ । यतिखेरको सर्वोच्च अदालत भनेको राष्ट्रको कार्यकारी प्रधानमन्त्रीलाई पनि निर्देशित गर्ने हैसियत राख्छ । यस्तो शक्तिसाली न्यायालयका प्रमुख नै उमेर ढाट्ने जस्तो निचकाम गर्छ भने कसरी राज्यले सामन्तवादबाट मुक्ति पाउँछ ?

**बैशाख १७ गते ।** अन्तमा आएर नेपालमाथि भारतीय साम्राज्यवाद लादिएकै रहेछ भन्ने कुरा प्रमाणित भएको छ । भारतले एकतर्फि जवरजस्ती लादेको व्यापार तथा पारबहन सन्धीलाई हतियार बनाएर भारतबाट आयात गरिने सामानमा आफुखुसी मूल्य निर्धारण गर्ने, भन्सार महसूल तोक्ने तर नेपालमा उत्पादन भएका कृषि सामग्री समेतमा रोक लगाउँने गरेका कारण वर्षेनी अर्बौंको घाटा व्यहारिरहेको विषयमा परिमार्जन हुने भएकोछ । हेर्दै जाउँ यो परिमार्जनको कुरा उठ्ने मात्रै हो कि बैठान पनि हुन जान्छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७७७०४, ४२७६३८१
टिकट, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, वीरगंज, चुरे, निजगढ, रातनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म



काठमाडौं सम्पर्क नम्बर
गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई थापा- ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७ (सञ्जीव भण्डारी)
९८४४४०३१५९ (शम्भु थापा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# राष्ट्रिय स्वाधीनताको पक्षमा भएको कार्यगत एकता तोड्नु राष्ट्रहित विरुद्धको कुरा हो



● रामसिंह श्रीस

प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पारी जनताको जनवादी राज्यसत्ता स्थापना गर्न क्रान्तिकारीहरूबीचको एकता अनिवार्य शर्त हो । क्रान्तिकारीहरूबीचमा एकता नभईकन जनवादी व्यवस्था स्थापना गर्न सकिँदैन । यतिसम्म कि खास अवस्थामा मुख्य दुश्मनलाई हराउन त्यसको विरुद्ध उभिने प्रतिक्रियावादी शक्तिसँग पनि संयुक्त मोर्चा गर्नुपर्ने हुन्छ । दोस्रो महायुद्धको समयमा जब जर्मन फासीवादले सोभियत समाजवादी राज्यसत्तामाथि धावा बोल्यो, त्यसबेला स्टालिनले अमेरिकी र ब्रिटिश साम्राज्यवादसँग मिलेर जर्मन फासीवादलाई परास्त गर्नुभयो । चीनमा जापानी साम्राज्यवादले आक्रमण गरी चीनको थुप्रै भूभाग कब्जा गर्दा क.माओले प्रतिक्रियावादी च्याङ काइ सेकसँग संयुक्त मोर्चा गरेर जापानी साम्राज्यवादलाई परास्त गर्नुभएको थियो । यी घटनाहरूले के प्रष्ट पार्छ भने खासखास अवस्थामा मुख्य दुश्मनलाई हराउन प्रतिक्रियावादीहरूसँग पनि संयुक्त मोर्चा गर्नुपर्ने हुन्छ । प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पारी जनवादी राज्यसत्ता स्थापना गर्न क्रान्तिकारीहरूबीचको एकता अनिवार्य हुन्छ । यदि क्रान्तिकारीहरूले यो कार्यभार पूरा गर्न पहलकदमी नलिने हो भने त्यसले प्रतिक्रियावादी व्यवस्थालाई नै बल पुग्दछ ।

आज नेपालमा राजतन्त्रको अन्त्य भए पनि अहिलेको विद्यमान राज्य व्यवस्था प्रतिक्रियावादी राज्य व्यवस्था हो । यो व्यवस्था दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको राज्य व्यवस्था हो । यो प्रतिक्रियावादी राज्य व्यवस्थालाई ध्वस्त पारी जनताको जनवादी व्यवस्था स्थापना गर्नु आजको मुख्य कार्यभार हो । यसै कुरालाई केन्द्रमा राखेर आ-आफ्ना राजनीतिक लाइनहरू फरक हुँदाहुँदै पनि क्रान्तिकारीहरूको बीचमा एकताको आधार खोज्न, एकताको लागि प्रयास गर्नु नेपाली क्रान्तिकारीहरूको कर्तव्य हो । यसै सन्दर्भमा मिति २०७४ चैत २२ मा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण, नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंह र नेकपाका अध्यक्ष ऋषि कट्टेल र नेकपाका प्रवक्ता प्रकाण्डको हस्ताक्षर भएको संयुक्त वक्तव्य प्रकाशित भयो । त्यो वक्तव्यमा भनिएको छ, '१. नेपालको क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने आधार तयार पार्न छलफल र बहसलाई अगाडि बढाउने । २. राष्ट्रियता जनतन्त्र र जनजीविकासम्बन्धी परस्पर सहमति भएका विषयहरूमा कार्यगत एकता गरी संयुक्त संघर्ष गर्न सहमत भएका छौं । तत्कालका लागि निम्न संघर्षका कार्यक्रमहरू घोषणाा गरिएको छ ।' यो संयुक्त वक्तव्यले नेपाली क्रान्तिकारीहरूको बीचमा एक प्रकारले खुशी र उत्साह पलाएको थियो । आम शोषित पीडित जनता यी पार्टीहरूप्रति आशावादी हुँदै गएका थिए । सहमतिअनुसार चैत २४ गते र वैशाख ४ गते काठमाडौंमा उपरोक्त चार पार्टीको संयुक्त कार्यक्रम भयो । त्यही कार्यक्रमको विषयलाई लिएर मिति २०७५ वैशाख ९ गते नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंहको नामबाट पार्टी कार्यालयको निर्णय भन्दै एउटा वक्तव्य सार्वजनिक भयो । त्यो वक्तव्य भनिएको छ, '.... तर अन्य पक्षहरूद्वारा हाम्रा बीचमा भएको सहमति र आचारसंहिताको अतिक्रमा गरेर निर्धारित विषयभन्दा बाहिरका आ-आफ्ना पार्टीका नीतिहरूबारे विचार प्रस्तुत गर्ने काम भयो । त्यसप्रति हाम्रो पार्टीले गम्भीर आपत्ति प्रकट गर्दछ । अन्य पक्षहरूको त्यस प्रकारको कार्य पद्धतिको कारणले अब उनीहरूसित पार्टी एकतासम्बन्धी संयुक्त भेटघाट र संयुक्त कार्यक्रमलाई तत्कालका लागि स्थगित गर्ने हाम्रो पार्टीले निर्णय गरेको छ । ... पछि उनीहरूले आफ्नो कार्यप्रणालीमा सुधार गर्ने विश्वास दिलाएमा उनीहरूसित भेटघाट पुनः नयाँ प्रकारले वार्ता गर्ने वा संयुक्त आन्दोलन सञ्चालन गर्नेबारे विचार गर्न सकिनेछ ।' क.मोहनविक्रमजीको यो वक्तव्यले चार पार्टीबीचको सहमति भंग भएको छ । उहाँहरूले जे-जे बहाना बनाए पनि प्रतिक्रियावादीहरूलाई फाइदा पुग्ने काम भएको छ । संयुक्त कार्यक्रममा क.मोहनविक्रमजीले भन्नुभएझैं अन्य पक्षले 'सहमति र आचारसंहिताको अतिक्रमण गरेकै भए पनि पहिलो कुरा चार पार्टीको बैठक बसाएर त्यहाँ समीक्षा गर्नुपर्थ्यो । समीक्षामा कुनै पक्षबाट कमजोरी भएको भए पनि आत्मालोचना गर्ने वा अब त्यसप्रकारको कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गर्ने आदि कामहरू हुन सक्थे र पार्टी एकताको लागि आधार तयार पार्ने छलफल र राष्ट्रियता जनतन्त्र र जनजीविकाको सवालमा कार्यगत एकता वा सहकार्य अगाडि बढ्दै जाने थियो । हुन त उहाँले हामीलाई चार पार्टीको बैठक बोलाउन अधिकार छैन पनि भन्न सक्नु हुन्छ । तर सवाल त्यसो होइन संयुक्त बैठक बस्नको लागि आपसी सरसल्लाह गर्न त सकिन्छ नै । संयुक्त बैठकको पहल गर्दा पनि बैठक बस्नु अन्य पक्षले अस्वीकार गरेको भए उहाँहरूले त्यसप्रकारको वक्तव्य निकाल्नुलाई अन्यथा लिन हुँदैनथ्यो । तर यी कुनै काम नगरी संयुक्त भेटघाटसम्म पनि नगर्ने कुराले क्रान्तिकारीहरू कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्ने आधार तयार पार्ने र राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी परस्पर सहमति भएका विषयमा संयुक्त आन्दोलन हुन नदिने कुरालाई नै मलजल गरेको छ ।

नेकपा (मसाल)का महामन्त्रीको वक्तव्यमा 'एकातिर हाललाई संयुक्त भेटघाटलाई स्थगित गरिएको भनिएको छ भने अर्कोतिर 'पछि उनीहरूले आफ्नो कार्यप्रणालीमा सुधार गर्ने विश्वास दिलाएमा उनीहरूसित भेटघाट पुनः नयाँ प्रकारले वार्ता वा संयुक्त आन्दोलन सञ्चालन गर्नेबारे विचार गर्न सकिनेछ' भनिएको छ । अहिले भेटघाटलाई नै स्थगित गरिएको छ । कुन पक्षको कहाँ कमजोरी भयो भन्ने कुरा त बैठकमा छलफल भएपछि नै प्रष्ट हुने कुरा हो । अब संयुक्त बैठक बस्ने त कुरै भएन भेटघाटसम्म पनि हुन नसक्ने भयो । त्यो अवस्थामा आफ्नो कार्यप्रणालीमा सुधार गर्ने विश्वास दिलाएमा उनीहरूसँग भेटघाट पुनः नयाँ प्रकारले गर्ने' भन्ने जुन शर्त राखिएको छ, त्यसले अन्य पक्षहरूले हामीले बिरायौं हजुर भनेर नेकपा (मसाल) समक्ष बिन्तीपत्र हालेपछि मात्र नयाँ प्रकारले भेटघाट हुनेसक्ने भयो । यो असम्भव कुरा हो र यस्तो शर्त राख्ने भनेको अहिलेका पक्षहरूसँग कार्यगत एकता सहकार्य कहिल्यै नगर्ने भनेको हुन्छ ।

भारतका प्रधानमन्त्रीजी मोदी वैशाख २८ गते नेपाल आउँदै छन् । त्यो अवसरमा हामीले राष्ट्रघाती भयो भन्दै विरोध गरेका अरुण तेस्रोको विधिवत रूपमा उद्घाटन गर्ने व्यवस्था गरिंदैछ । अप्पर कर्णालीलगायतका राष्ट्रघाती र असमान सन्धिसम्झौताहरूलाई निरन्तरता दिइदै छ । यस प्रकारको अवस्थामा राष्ट्रिय हित विपरीत भएका र अब हुने सबै असमान सन्धिसम्झौताको विरुद्धमा संयुक्त आन्दोलनको आवश्यकता झन् बढेर गएको छ । यस्तो बेलामा नेकपा (मसाल)को नेतृत्वले बैठकमा विगतमा भएका कमीकमजोरीहरूको समीक्षासमेत नगरी हतारमा संयुक्त भेटघाटलाई पनि स्थगित गर्ने जुन निर्णय गरेको छ, यो निर्णय प्रकारान्तरणले राष्ट्रिय हित विपरीत छ । किनभने राष्ट्रिय हितको पक्षमा व्यापक संयुक्त आन्दोलनको पक्षमा जोडदिनुको सट्टा भइरहेको संयुक्त संघर्षको सहमतिलाई एकपक्षीय रूपबाट भंग गर्ने कार्यले विस्तारवादी र उसका दलालहरूलाई नै मद्दत पुग्छ । नेकपा (मसाल)ले यस प्रकारको कमजोरीलाई जति सकिन्छ छिट्टो सच्याउँदा त्यसले राष्ट्रिय हितको पक्षमा काम गर्नेछ ।

# राज्यकोषमा सांसदहरूको ब्रम्हलुट

काठमाडौं । विकास र समृद्धिको नारा फलाकिरहेको केपी शर्मा ओली नेतृत्वको सरकारले सांसद विकास कोषको नाममा फेरि प्रतिनिधिसभा र राष्ट्रियसभाका सदस्यमार्फत् राज्यको ढिकुटीको अर्बौं रूपैयाँमाथि ब्रम्हलुट गर्ने तयारी थालेको छ । सांसद विकास कोषको रकम चरम दुरूपयोग भएको आलोचना आइरहेकै बेला फेरि सरकारले सांसदलाई तजबिजीमा खर्च गर्न पाउने गरी ६ अर्ब ६२ करोड बाँड्ने तयारी गरिरहेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्रोतका अनुसार सांसद विकास कोषको रकम अघिल्लो सांसदका लागि व्यवस्था भए पनि हाल संघीय संसद् स्थापना भई नयाँ सांसद आएकाले उक्त रकम नयाँ सांसदले नै विकास योजनामा खर्च गर्न पाउने गरी निर्णय गर्नुपर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पठाइएको छ ।

मन्त्रिपरिषद्ले पुराना सांसदको साटो नयाँ सांसदले विकास आयोजनामा खर्च गर्न पाउने निर्णय गरे प्रत्यक्षबाट निर्वाचित १ सय ६५ जना सांसदले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमअन्तर्गत प्रतिसांसद ३/३ करोडका दरले पाउनेछन् भने निर्वाचन क्षेत्र विशेष कार्यक्रमअन्तर्गत संघीय संसद्मा रहेका ३ सय ३४ सांसदले प्रतिसांसद ५०/५० लाखका दरले पाउनेछन् । यो रकम उनीहरूले जेठ र असारभित्र सक्नु पर्नेछ ।

संघीय संसद्को निर्वाचन भएर नयाँ सांसद आएपछि सरकारले सांसद विकास कोषको रकम के गर्ने भन्ने सम्बन्धमा कुनै निर्क्योल नगर्दा रकम खर्च नभई त्यसै रहँदै आएको थियो तर अहिले आएर सरकारले हतार हतारमा संघीय संसद्का सांसदलाई विकास आयोजनामा खर्च गर्न पाउने गरी नयाँ निर्णय गर्दै सांसदलाई अर्बौं वितरण गर्ने तयारी गरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ ।

अर्थ मन्त्रालय स्रोतका अनुसार अहिले पनि सांसदले आगामी वर्ष सांसद विकास कोषमा प्रतिसांसद १० करोड रूपैयाँ पुऱ्याउन सत्तारुढ दल एमाले तथा माओवादी केन्द्रका सांसद नै प्रधानमन्त्री तथा मन्त्रीहरूसँग लबिङ गरिरहेका छन् ।

सांसदहरूले विकास कोषको खर्च आफ्नो क्षेत्रको समग्र विकास गर्नभन्दा पनि कार्यकर्ता पोस्न र व्यक्तिगत हितमै बढी खर्च गर्ने गरेकाले अर्बौं रूपैयाँ बालुवामा पानीसरह हुने विज्ञहरूको ठहर छ ।

यसैबीच, यो बर्ष विभिन्न मन्त्रालयमा १ खर्ब ९ अर्ब ६ करोड बेरुजु भएको छ भने महालेखा परीक्षणले बेरुजु रकममध्ये १७ अर्ब २५ करोड ९५ लाख हिनामिना भएको ठहर गरेको छ । महालेखाले विभिन्न मन्त्रालय र मातहतका निकायमा ४६ खर्ब ८७ अर्ब ९१ करोड रूपैयाँको लेखापरीक्षण गरेको थियो ।

१० मन्त्रालय र अन्तर्गतका निकायबाट मात्र १४ अर्ब ४२ करोड ५४ लाख असुल गर्न महालेखाले भनेको छ । बाँकी विभिन्न समिति र संस्थाबाट २ अर्ब ८३ करोड ४१ लाख असुलउपर हुनुपर्ने औल्याएको छ । कूल बेरुजु रकममध्ये कर्मचारीले पेस्कीका रूपमा लिएका, तर फस्यौंट नभएको रकम २ अर्ब ६९ करोड १० लाख रूपैयाँ छ ।

## क्रान्तिकारी...

सीपी गजुरेल, स्थायी समिति सदस्य रामसिंह श्रीस, पिविएमहरू सागर, बसन्त, एसटी, प्रभाकिरणलगायतका नेताहरूको समेत सहभागिता रहेको थियो ।

रत्नपार्कको खुल्लामञ्चबाट सुरुभएको क्रान्तिकारी युवाहरूको उक्त मार्चपास जमल, घण्टाघर, बागबजार, पुतलीसडक, पद्मोदयमोड, प्रदर्शनीमार्ग, सुन्धरा, न्यूरोड हुँदै इन्द्रचोकमा पुगेर सभामा परिणत भएको थियो । सभालाई क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण', नेता गजुरेल, श्रीस, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन'आकाश' लगायतले सम्बोधन गर्नुभएको थियो । पार्टी केस तथा लिगका ३ नं. प्रदेशका इन्चार्ज बसन्त बोगटीले अध्यक्षता गरेको सभाको संचालन लिगको ३ नं. प्रदेश संयोजक केशव ढलकोटीले गर्नुभएको थियो । हाम्रा सहकर्मीहरू जय दाहाल, अमित योञ्जन, प्रकाश भण्डारीले लिगको युवा मार्चपासको क्रममा क्यामेरामा कैद गरेका दृश्यहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

## अखिल नेपाल आदिवासी जनजाति महासंघ रूपन्देहीको जिल्ला भेला सम्पन्न अध्यक्षमा: *राना*

बुटवल । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल आदिवासी जनजाति महासंघ,रूपन्देहीको दोस्रो जिल्ला भेला सम्पन्न भएको छ ।

उक्त भेलाले ज्ञानबहादुर रानाको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरको छ । समितिको उपाध्यक्षमा रूपा राना, सचिवमा दर्शन गुरुङ, कोषाध्यक्षमा पदम थापा र सदस्यहरूमा क्रमशः पानबहादुर लिम्बु, भिमबहादुर भुजेल, टिका काउचा, कर्णबहादुर छन्त्याल रहनुभएको छ भने सल्लाहकारमा शेरबहादुर राना, निमकला पुन, क्या.शेरबहादुर पुन रहनुभएको छ ।

यसैबीच बुटवलमै सम्पन्न अखिल नेपाल मगर राष्ट्रिय मुक्ति मोर्चा, रूपन्देहीको भेलाले खुमबहादुर गाहाको अध्यक्षतामा ९ सदस्यीय समिति गठन गरेको छ । समितिमा उपाध्यक्ष निरा राना, सचिवमा नमुना थापा, कोषाध्यक्ष चीजा श्रीस र सदस्यहरूमा क्रमशः सन्तबहादुर थापा, गोरी थापा, भोजकुमारी राना, यमबहादुर राना रहनु भएको छ ।

उक्त भेलाको उद्घाटन गर्दैं महासंघका महासचिव नगेन्द्र राईले संविधानमैं आदिवासी जनजातिका अधिकार खारेज गरेको भन्दैं त्यसको प्राप्तिका लागि महासंघले आन्दोलनको आधीबेरी ल्याउने चेतावनी समेत दिनुभयो । नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य समेत रहनुभएको राईले पहिचानसहित राजनैतिक र आर्थिक अधिकारका लागि पार्टीले हस्तक्षेपकारी भूमिका खेल्ने बताउनु भयो ।

त्यस्तै अर्का पोलिटव्यूरो सदस्य प्रमोदले दलाल, तस्कर र भ्रष्टाचारीलाई कारवाही गर्ने आन्दोलनमा पार्टीले जोड दिएको बताउनुभयो । कार्यक्रममा ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संघ (बिगेसो)का सभापति पदम सुन्दर लिम्बु, भिमबहादुर भुजेल, निमकला पुन लगायतले बोल्नुभएको थियो । कार्यक्रम महासंघका अध्यक्ष ओमबहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## सडक...

स्वदेशमै सरकारले रोजगारीको व्यवस्था गर्नुपर्छ, रोजगारी नदिए बेरोजगारी भत्त दिनुपर्छ' भन्नुभयो ।

चुनावमा पराजित भएपछि कांग्रेसी युवाहरू नुन खाएको कुखुरा जस्ता भएका र माकेका युवाहरू एमालेसँग आत्मसमर्पण गर्न नपाएर रोइरहेको चर्चा गर्दै अध्यक्ष गजुरेलले क्रान्तिकारी युवा लिग ती सबै आत्मसमर्पणकारी, अवसरवादी प्रवृत्तिका विरुद्ध राजनीति र व्यवस्थाबाट निराश र पलायनभएका युवाहरूमा वृहत् जागरण ल्याउँदै र उनीहरूलाई संगठित गर्दै क्रान्तिको तयारीमा अगाडि बढिसकेको दावी गर्नुभयो ।

## सीमा...

भत्काएको घटनाप्रति हाम्रो पार्टी घोर भत्सर्ना गर्दछ ।"

साथै वक्तव्यमा प्रधानमन्त्री ओलीको भारत भ्रमणपछि भारतीय पक्षबाट सीमा अतिक्रमणका घटनामा बृद्धि भएको भन्दै यसरी दिनदिनै नेपाली भूमि मिचिँदा ओली नेतृत्वको सरकार चुँ समेत नबोल्नुले यो सरकारबाट राष्ट्रियतामा गम्भीर संकट पैदा हुने खतरा देखिएको जनाइएको छ र अब राष्ट्रिय स्वाधीनताको लडाइँका निम्ति तमतयार भएर बस्न सबै स्वाभीमानी नेपालीहरूलाई आव्हान गरिएको छ ।

# कास्कीको अन्नपूर्ण गापामा क्रान्तिकारी युवा लिग गठन

काठमाडौं । कास्कीको अन्नपूर्ण गाउँपालिकामा नेकपा (क्रान्तिकारी माओवादी)को युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालको कमिटि गठन गरिएको छ । रामचन्द्र विकको संयोजकत्वमा

राजकुमार विक, बिनिता विक, सृजना सुनार, प्रेमबहादुर सुनार र राजकुमार विक सदस्य रहेको कमिटि गठन गरेको हो । भेलामा क्रान्तिकारी युवा लिग, नेपालका केन्द्रीय सदस्य आईबि तमु, देजमोका कास्की जिल्ला उपाध्यक्ष बिष्णु राना, अनेमसंघ (क्रान्तिकारी)कास्की जिल्ला सदस्य उमिककला, शिरिस, लक्ष्मी विक लगायतको विशेष उपस्थिति रहेको थियो ।


नव वर्ष २०७५ को शुभ अवसरमा हाम्रा शिक्षक, विद्यार्थी, अभिभावक तथा सम्पूर्ण देश विदेशमा रहनु हुने शुभचिन्तक नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

गार्गी एकेडेमी हाइस्कुल
देवीनगर, बुटवल, रूपन्देही








**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।